प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १९४ | काठमाडौं | बिहीबार, ०३ मंसिर २०८३ | Prabhab National Daily | Thursday, 19 November 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

कार्यकर्ता भेलामार्फत एमालेको एकता सन्देश, सरकारविरूद्ध आक्रामक



■ जेबी योञ्जन

काठमाडौं– प्रतिनिधिसभा निर्वाचनमा पराजयपछि निकै रक्षात्मक बनेको र पुनर्गठनको नाममा दुई लाइन संघर्षले संकटपूर्ण बनेको नेकपा एमालेले राष्ट्रिय कार्यकर्ता भेलामार्फत पार्टी एकताको सन्देश दिएको छ ।

बबरमहलस्थित कार्की ब्यांक्वेटमा मंगलबार आयोजित भेलामा अध्यक्ष केपी शर्मा ओलीदेखि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसम्मका नेताहरू एउटै मञ्चमा देखिए । पार्टीभित्र नेतृत्व, पुस्तान्तरण र शक्ति सन्तुलनलाई लिएर बहस चलिरहेका बेला एमालेले सबै नेताहरू एक ठाउँमा रहेको सन्देश दिएको हो ।

करिब चार हजारभन्दा बढी नेता तथा कार्यकर्ता सहभागी भेलामा अध्यक्ष ओलीले वालेन्द्र सरकारप्रति आक्रामक अभिव्यक्ति दिए । वालेन्द्र सरकारको गतिविधिप्रति असन्तुष्टि जनाउँदै आएका ओलीले एमाले र उसका कार्यकर्तालाई कमजोर नठान्न सरकारलाई चेतावनी दिए । उनको सम्बोधनमा सरकारप्रतिको आक्रोश र एमालेको शक्ति प्रदर्शन गर्ने मनसाय प्रस्ट देखिन्थ्यो ।

'अहिले देश राजनीतिकरूपमा एउटा आतंकको छायामुनि, भय र त्रासको वातावरणमुनि, असंवैधानिक, गैरकानुनी क्रियाकलापहरूको पेलाईमा स्वेच्छाचारी शासनअन्तर्गत चलिरहेको छ,' ओलीले भने, 'फासीवादतर्फ दमनकारी प्रतिशोधी व्यवहार अगाडि बढिरहेको छ ।'

२१ फागुनको प्रतिनिधिसभा निर्वाचनपछि एमाले राजनीतिकरूपमा रक्षात्मक अवस्थामा छ । निर्वाचनमा मतदाताले ठूलो संख्यामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई समर्थन गरेपछि एमालेसहित...

⏭ क्रमशः पृष्ठ २ मा



अहिले देश राजनीतिकरूपमा एउटा आतंकको छायामुनि, भय र त्रासको वातावरणमुनि, असंवैधानिक, गैरकानुनी क्रियाकलापहरूको पेलाईमा स्वेच्छाचारी शासनअन्तर्गत चलिरहेको छ ।

■ **केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले

आइजिपी बर्खास्तीको कारण पेस गर्न सरकारलाई सर्वोच्चको आदेश

काठमाडौं (प्रस)– सर्वोच्च अदालतले प्रहरी महानिरीक्षक (आइजिपी)बाट हटाउने सरकारको निर्णयविरुद्ध निवर्तमान आइजिपी दानबहादुर कार्कीले दायर गरेको रिटमा अन्तरिम आदेशबारे निर्णय गर्न दुवै पक्षलाई छलफलमा बोलाएको छ । न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले बुधबार



अल्पकालीन अन्तरिम आदेश दिन अस्वीकार गर्दै यही मंसिर ७ गते छलफलका लागि बोलाएको हो । त्यस दिन कार्कीका कानुन व्यवसायी, सरकारका तर्फबाट बहस गर्ने सरकारी वकिल र नवनियुक्त आइजिपी डा. मनोज केसीका कानुन व्यवसायीबीच बहस हुने छ ।

⏭ क्रमशः पृष्ठ २ मा

काठमाडौं महानगरको मेयरका आकांक्षी बन्नेको होड

पूर्वमन्त्रीदेखि कलाकारले गरे उम्मेदवारी घोषणा

- कांग्रेसबाट सुशन वैद्य, प्रकृति भट्टराई बस्नेतदेखि हरिप्रभा खड्कीले उम्मेदवारी दाबी गर्ने
- रास्वपाबाट अमृत लामादेखि गणपतिलाल श्रेष्ठसम्म दाबेदार
- कार्यवाहक मेयर सुनिता डंगोललाई उम्मेदवार बनाउने एमालेको तयारी

■ प्रभाव संवाददाता

काठमाडौं– अमेरिका बस्दै आएका कलाकार अमृत लामाले दुई हप्ताअघि काठमाडौंको मेयरमा उम्मेदवारी दिने घोषणा गरे । लामाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को क्याण्डिडेट क्लबमार्फत मेयर पदका लागि नाम दर्ता गरिसकेका छन् ।

'हामी नेपाली ग्लोबल' नामक संस्थामार्फत विदेशमा रहेका नेपालीहरूलाई एकताबद्ध गर्ने अभियानमा लागेका लामा सरकारले स्थानीय तहको निर्वाचन गर्ने सुरसार देखाउनसाथ मेयरमा भिड्ने आकांक्षा देखाएका सम्भवतः पहिलो व्यक्ति हुन् ।

स्थानीय तहको निर्वाचनका लागि दलहरूलाई निर्वाचन आयोगले बोलाएसँगै यसको रौनक थपेको छ । बुधबारमात्र पूर्वमन्त्री सुमना श्रेष्ठले पनि काठमाडौंको मेयरमा भिड्ने घोषणा गरेकी छन् । 'मैले जीवन र कर्मबाट आर्जन गरेको ज्ञान, सीप, अनुभव र विज्ञता अब काठमाडौंको समृद्धि, सुशासन र रूपान्तरणका लागि समर्पित । आगामी स्थानीय निर्वाचनमा काठमाडौं महानगरपालिकाको मेयर पदमा उम्मेदवारी दिने घोषणा गर्दछु,' पूर्वमन्त्री श्रेष्ठले सामाजिक सञ्जाल फेसबुकमार्फत भनेकी छन् ।


सुमना श्रेष्ठ


सुनिता डंगोल


अमृत लामा


हरिप्रभा खड्गी


श्रृंखला खतिवडा


गणपतिलाल श्रेष्ठ

अघिल्लो प्रतिनिधिसभामा रास्वपाबाट समानुपातिक सांसद बनेकी उनी शिक्षामन्त्रीसमेत भइन् । पार्टीको सहमहामन्त्री हुँदै उनले पार्टी छाडिसकेकी छन् । जेन-जी आन्दोलनपछि श्रेष्ठ कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीमा प्रवेश गर्ने चर्चासमेत चलेको थियो ।

पूर्वमन्त्रीको उम्मेदवारीसँगै दलहरूले कसलाई उम्मेदवार बनाउलान् भन्ने विषयलाई महत्त्वका साथ हेरिएको छ । गत निर्वाचनबाट काठमाडौं महानगरको मेयरमा निर्वाचित वालेन्द्र शाह प्रधानमन्त्री बनेपछि कार्यवाहक मेयर बनेकी सुनिता डंगोललले मेयरकी दाबेदार हुन् । डंगोल यसअघिको निर्वाचनमा नेकपा एमालेबाट उपमेयरमा निर्वाचित भएकी थिइन् । कार्यवाहक मेयर भएपछि सुनिताले महानगरमा रफ्तार बढाएकी छन् । उनी सत्तारुढ दल रास्वपाबाटै उम्मेदवार हुने चर्चासमेत चुलिँदो छ ।

रास्वपामा काठमाडौंमा उम्मेदवार बनाउनेबारे समिति नै बनाएर आवेदन आह्वान भएको छ । यसमा लामाबाहेक क-कसले क्याण्डिडेट क्लबमा नाम दर्ता गरे भन्ने विषय अहिलेसम्म सार्वजनिक भएको छैन । काठमाडौं महानगरमा रास्वपाबाट कसलाई मेयरको उम्मेदवार बनाउने भन्ने विषयमा तीनजना नेताको टक्कर हुने देखिन्छ ।

ती नेता हुन्- प्रधानमन्त्री वालेन्द्र, रास्वपा सभापति रवि लामिछाने र ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ । श्रेष्ठ गणपतिलाल श्रेष्ठलाई मेयरको उम्मेदवार बनाउन चाहन्छन् भने सभापति लामिछाने कमलप्रसाद पन्तलाई । पन्त रास्वपा काठमाडौं महानगरका सभापति हुन् । यता रास्वपा काठमाडौं जिल्ला सभापति राजा शाक्यसमेत मेयरको आकांक्षी हुन् । उनी विराजभक्त निकट नेता हुन् ।

कांग्रेसबाट को बन्ला ?

कांग्रेसबाट काठमाडौं महानगर सभापति सुशन वैद्यको नाम कांग्रेस वृत्तमा सर्वाधिक चर्चामा छ । यद्यपि महानगरको उपमेयर बनिसकेकी प्रदेशसभा सदस्य हरिप्रभा खड्कीको नाम पनि यो सूचीमा छ ।

केही समय अघिमात्रै कांग्रेसमा प्रवेश गरेकी प्रकृति भट्टराई बस्नेतको नाम पनि चर्चामा छ । यसो त बुधबारमात्र मेयरमा उम्मेदवारी घोषणा गरेकी पूर्वमन्त्री सुमनाको नामसमेत कांग्रेसको सूचीमा रहेको छ । 'कांग्रेसबाट कसलाई उम्मेदवार बनाउने भन्ने विषयमा आन्तरिक छलफलपछिमात्र घोषणा हुन्छ होला । यद्यपि सुमना पनि सम्भावित उम्मेदवार हुन्,' कांग्रेसका एक पदाधिकारीले भने ।

कांग्रेस सभापति गगन थापासँग सुमना, उज्यालो नेपाल पार्टीका अध्यक्ष घिसिङ र प्रधानमन्त्री शाहबीच नयाँ दल खोल्ने सन्दर्भमा जेन-जी विद्रोहपछि पटक-पटक छलफलसमेत भएको थियो । यो विषयमा समन्वयको भूमिका सुमनाले खेलेकी थिइन् ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

मलेसिया जाने श्रमिकमाथि ठगी प्रकरण

पूर्वश्रममन्त्रीद्वय कुँवर र रायसहित ६ जना पक्राउ


ठगी तथा संगठित अपराधमा अनुसन्धान गरिँदै

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल र मलेसियाबीच भएको श्रम सम्झौताविपरीत गैरकानुनीरूपमा रकम असुली गरी विदेशी मुद्रा अपचलन गरेको आरोपमा दुई जना पूर्वश्रममन्त्रीसहित छ जना उच्चपदस्थ अधिकारीहरू पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले बुधबार विज्ञप्ति जारी पक्राउ परेकाहरूको विवरण सार्वजनिक गरेको हो । पक्राउ पर्नेमा तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीद्वय शेरबहादुर कुँवर र रामेश्वर राय यादव, श्रम मन्त्रालयका तत्कालीन सचिव बिनोद केसी, तत्कालीन सहसचिव तथा रोजगार व्यवस्थापन महाशाखा प्रमुख उमेश ढुंगाना, तत्कालीन सहसचिव तथा रोजगार व्यवस्थापन महाशाखा प्रमुख राजिव पोखरेल र तत्कालीन कानुन अधिकृत एवं उपसचिव निर्मला

रामेश्वर राय यादव


शेरबहादुर कुँवर

गुरुङ रहेका छन् ।

ब्युरोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र तथा विकास रानाभाटसमेतको जाहेरीका आधारमा नेपाल सरकार वादी भई कैलाश खड्कासमेत प्रतिवादी रहेको ठगी तथा संगठित अपराधसम्बन्धी कसुरमा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिएको छ ।

काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गराउने अनुमति लिई बुधबार काठमाडौं, ललितपुर र सर्लाहीका विभिन्न स्थानबाट उनीहरूलाई नियन्त्रणमा लिई अनुसन्धान अगाडि बढाइएको छ ।

एक अर्ब ६९ करोडभन्दा बढी रकम अपचलनको आरोप

अभियोगपत्रअनुसार मलेसिया जाने श्रमिकहरूसँग सम्झौताको दायरा र कानुनी प्रक्रियाविपरीत अधिकार क्षेत्र नाघी बदनियतपूर्वक रकम असुल गरिएको थियो । उक्त गैरकानुनीरूपमा संकलित रकममध्ये अमेरिकी डलर ८३ लाख ७० हजार ४३९.९२ र बेलायती पाउण्ड ३७ लाख १७ हजार ९८०.८० गरी जम्मा एक अर्ब ६९ करोड दुई लाख २४ हजार रूपैयाँ अपचलन भएको जनाइएको छ ।

संगठित समूहलाई लाभ पुऱ्याउने उद्देश्यले मन्त्रालयस्तरबाटै मौन बस्ने, कानुनी उपचारको बाटो नअपनाउने र उक्त रकम मलेसिया पठाउने निर्णय गरी विदेशी मुद्रा अपचलन गराइ मुलुकको अथतन्त्रमा प्रतिकूल असर पुऱ्याउने कार्यमा संलग्न रहेको आरोप उनीहरूमाथि छ ।

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता रमितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

काठमाडौं महानगरको ...

काठमाडौं महानगरमा स्वतन्त्र उम्मेदवारले पनि बाजी मार्ने भएकोले पनि यहाँको भिडन्त रोचक हुने गरेको छ। पूर्वमिस नेपाल श्रृंखला खतिवडाले स्वतन्त्र उम्मेदवारी दिने चर्चा छ।

भोलि ६ दलसँग छलफल गर्दै आयोग

निर्वाचन आयोगले आगामी स्थानीय निर्वाचनबारे छलफल गर्न राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलहरूलाई छलफलका लागि बोलाएको छ। राष्ट्रिय मान्यताप्राप्त छ वटा राजनीतिक दलका प्रमुखलाई भोलि शुक्रबार छलफलका लागि पत्रचार गरेको आयोगका आयुक्त गुरूप्रसाद वाग्लेले बताए।

आयोगले रास्वपा, नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुखलाई बैठकमा बोलाएको हो। सरकारले आगामी चैतमा स्थानीय तह निर्वाचन गर्ने तयारी गरेको छ। त्यस्तै, स्थानीय र प्रदेश तह निर्वाचन एकै चरणमा गर्ने कि नगर्ने भन्नेबारे पनि बहस हुँदै आएको छ।

■■■

कार्यकर्ता भेलामार्फत ...

पुराना राजनीतिक दलहरू कमजोर अवस्थामा पुगेका छन्। यसबीच नेपालमा कम्युनिस्ट पार्टीको भविष्य संकटोन्मुख भएको बहस भइरहेको छ। भारतको पश्चिम बंगालको जस्तै पतनको बाटोमा नेपालको कम्युनिस्ट आन्दोलन गएको विश्लेषणसमेत हुन थालेको छ। यस्तो परिस्थितिमा एमालेले राष्ट्रिय भेला आयोजना गरेको हो। निर्वाचनपछि निरुत्साहित भएका कार्यकर्तालाई उत्साहित बनाउने र पार्टी संगठनलाई पुनः सक्रिय बनाउने उद्देश्य भेलाको रहेको नेताहरूले बताएका छन्।

एमाले उपमहासचिव योगेश भट्टराईले कार्यकर्तामा उत्साह भर्न र पार्टी एकताको सन्देश वडास्तरसम्म पुऱ्याउन भेला आयोजना गरिएको बताए। उनले प्रभावसँग भने, 'हाम्रा कार्यकर्ता निरुत्साहित छन्। निरुत्साहित भएका कार्यकर्तामा उत्साह थप्न र वडास्तरसम्म पार्टी एकताको सन्देश प्रवाह गर्न राष्ट्रिय भेलाको आयोजना गरिएको हो।'

पार्टी उपाध्यक्ष पृथ्वी सुब्बा गुरुङले पनि भेलालाई पार्टीका नीति तथा कार्यक्रम जनस्तरसम्म पुऱ्याउने माध्यमका रूपमा व्याख्या गरे। उनका अनुसार भर्खरै सम्पन्न केन्द्रीय कमिटी बैठकले तय गरेका कार्यभारलाई कार्यकर्तामार्फत जनतासम्म पुऱ्याउनु भेलाको मुख्य उद्देश्य हो। 'भर्खर सम्पन्न हाम्रो केन्द्रीय कमिटी बैठकका दुई प्रमुख कार्यभार र १५ कार्यभारलाई जनतासम्म पुऱ्याउनु राष्ट्रिय भेलाको उद्देश्य हो,' गुरुङले भने।

एमालेले भेलामार्फत संगठन सुदृढीकरणसँगै आगामी निर्वाचनको तयारीलाई पनि प्राथमिकता दिएको छ। स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै कार्यकर्तालाई सक्रिय बनाउने उसको योजना छ। त्यसका अतिरिक्त वर्तमान सरकारका निर्णय र गतिविधिविरुद्ध संघर्षका कार्यक्रम अघि बढाउने विषय पनि भेलाको कार्यसूचीमा छ।

तर एमालेले तत्काल सडक आन्दोलनमा जाने निर्णय भने गरिसकेको छैन। एमाले संसदीय दलका प्रमुख सचेतक ऐन महरले भेलालाई निर्वाचनको तयारी र संगठन जागरणसँग जोडेर हेर्नुपर्ने बताए। 'हामी अहिले नै तत्काल सडकमा जाने पक्षमा छैनौं। यो भेला आगामी निर्वाचनको तयारी पनि हो,' उनले भने, 'तर वर्तमान सरकारका गतिविधि, काम र निर्णयविरुद्ध संघर्षका कार्यक्रम पनि भेलाले तय गर्ने छ।' प्रतिनिधिसभा सदस्य क्षितिज थेबेले पनि सरकारका निर्णयविरुद्ध एमाले संघर्ष गर्न तयार रहेको सन्देश भेलाले दिने बताए। 'स्थानीय निर्वाचनको तयारी त छँदै छ। सँगसँगै वर्तमान सरकारका जनहितविपरीतका निर्णय र राष्ट्रियतामाथिको प्रहारविरुद्ध नेकपा एमाले संघर्ष गर्न तयार छ भन्ने सन्देश पनि यो भेलाले दिने छ,' उनले भने।

यसअघि निर्वाचनपछि एमालेभित्र नेतृत्व हस्तान्तरण, पुस्तान्तरण र पार्टी रूपान्तरणको बहस चर्किएको थियो। करिब छ महिना चलेको पुनर्गठनसम्बन्धी बहस गत केन्द्रीय कमिटी बैठकसँगै टुंगिएको थियो। सोही बैठकले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टीको वरिष्ठ नेतामा मनोनीत गर्ने निर्णय गरेको थियो। उक्त निर्णयलाई एमालेभित्रको शक्ति समीकरणसँग जोडेर पनि हेरिएको छ।

राष्ट्रिय भेलामा ओली र भण्डारी एउटै मञ्चमा देखिनु राजनीतिक रूपमा अर्थपूर्ण मानिएको छ। पछिल्लो समय पार्टीको नेतृत्व र आन्तरिक शक्ति सन्तुलनलाई लिएर विभिन्न कोणबाट बहस भइरहेका बेला दुवै नेताको सहभागितालाई पार्टीभित्र एकताको सन्देश दिने प्रयास गरेको देखिन्छ।

भेलामा नेपाली कम्युनिस्ट आन्दोलनका पुराना व्यक्तित्वहरूको उपस्थितिले पनि विशेष अर्थ राखेको थियो। पुष्पलाल श्रेष्ठका भाइ विजयलाल श्रेष्ठ, जीवराज आश्रितकी धर्मपत्नी माया ज्ञवाली र झापा आन्दोलनका योजनाकार तथा नेतृत्वकर्तामध्येका एक मोहनचन्द्र अधिकारी कार्यक्रममा सहभागी भए। उनीहरूको उपस्थितिलाई एमालेले आफ्नो ऐतिहासिक राजनीतिक विरासतसँग जोडेर प्रस्तुत गर्न खोजेको देखिन्छ। महासचिव शंकर पोखरेल र उपाध्यक्ष विष्णु पौडेलले पनि भेलामा पार्टीको शक्ति सञ्चय, वर्तमान सरकारको कार्यशैली र आगामी राजनीतिक कार्यदिशाबारे धारणा राखे। उनीहरूले एमाले नेतृत्वको सरकारले विगतमा हासिल गरेका उपलब्धिको चर्चा गर्दै पार्टीको राजनीतिक भूमिकालाई स्थापित गर्ने प्रयास गरे।

भेलाको अर्को महत्त्वपूर्ण पक्ष पार्टीभित्र सार्वजनिकरूपमा नेतृत्वको आलोचना गर्दै आएका नेता तथा कार्यकर्ताको सहभागिता हो। विगतमा गुटगत प्रतिस्पर्धा र आन्तरिक शक्ति संघर्षका कारण विभाजित देखिएको एमालेका नेताहरू एउटै कार्यक्रममा सहभागी भए। यसले पार्टीभित्रको असन्तुष्टि र मतभेदलाई तत्कालका लागि थाती राखेर एकताको सन्देश दिन खोजिएको संकेत गरेको छ।

निर्वाचनमा पराजयपछि एमालेमाथि संगठन जोगाउने र जनविश्वास पुनःस्थापित गर्ने चुनौती छ। अर्कोतिर, सरकारको आलोचना गर्दै सडक संघर्षको चेतावनी दिनु उसको आगामी राजनीतिक रणनीतिको एउटा पाटो बनेको छ। ओलीको आक्रामक सम्बोधनले पनि एमाले अब सरकारका गतिविधिमाथि थप कडा रूपमा प्रस्तुत हुने संकेत गरेको छ।

■■■

आइजिपी बर्खास्तीको...

दुवै पक्षको कुरा सुनेपछि मात्रै सर्वोच्चले कार्कीलाई पुनर्वहाली गर्ने गरी अन्तरिम आदेश जारी गर्ने वा नगर्ने निर्णय लिने छ। कार्कीले आफूलाई गैरकानुनीरूपमा पदबाट हटाइएको भन्दै कात्तिक २० गते सर्वोच्चमा रिट दायर गरेका थिए। सरकारले कात्तिक १८ गते मन्त्रिपरिषद् बैठकबाट उनलाई आइजिपी पदबाट हटाएर डा. केसीलाई नयाँ महानिरीक्षक नियुक्त गरेको थियो।

रिटमा कार्कीले आफूलाई हटाउने सरकारको निर्णय कार्यान्वयन नगर्न र मुद्दाको अन्तिम टुंगो नलागेसम्म प्रहरी महानिरीक्षककै रूपमा काम गर्न दिन माग गरेका छन्। त्यस्तै, केसीलाई आइजिपी नियुक्त गर्ने निर्णय तथा उनलाई दर्ज्यानी चिह्न प्रदान गर्नेसहितका सम्पूर्ण निर्णय बदर गर्न पनि माग गरेका छन्।

कार्कीले रिटको सुनुवाइमा अग्राधिकार दिनुपर्ने मागसमेत गरेका छन्। उनको मागमाथि प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चले तत्काल अन्तरिम आदेश दिन अस्वीकार गरे पनि सरकारलाई निर्णयको कानुनी आधार खुलाउन आदेश दिएको छ।

अदालतले 'कार्कीलाई किन प्रहरी महानिरीक्षकमा पुनर्वहाली नगर्ने ?' भन्दै सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको छ। साथै, सरकारसँग लिखित जवाफ माग गरेको छ। अब सोमबार हुने बहसले कार्कीको पुनर्वहालीसम्बन्धी मागमा अन्तरिम आदेश जारी हुने वा नहुने टुंगो लगाउने सर्वोच्चका प्रवक्ता डा. अशोककुमार क्षेत्रीले बताए।

बुधबार कार्कीका वकिलहरू सतीशकृष्ण खरेल, बोर्णबहादुर कार्कीलगायतले बहस गरेका थिए। कार्कीले आइजिपीको अनुहार मन परेन भन्दैमा पदबाट हटाउन वा सरुवा गरेर नाम्चे पठाउन नमिल्ने भन्दै आईजिपीबाट हटाउने निर्णय बदर गरी पदमा पुनर्वहाली हुनुपर्ने जिकिर गरेका थिए। खरेलले पनि कार्कीको पदावधि बाँकी भएको र पदमा बहाल हुन अयोग्यतासम्बन्धी कुनै विषय नभएकोले उनको पुनर्वहाली हुनुपर्ने जिकिर गरेका थिए।

काठमाडौंलाई चौबिसै घण्टा खुला गर्न तयारी गरिँदै

काठमाडौं (प्रस)– मुलुकको संघीय राजधानी काठमाडौंलाई चौबिसै घण्टा खुला गर्ने योजनासहित जिल्ला प्रशासन कार्यालयले आवश्यक तयारी अगाडि बढाएको छ। काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले मंगलबार एक सूचना जारी गरी काठमाडौंलाई सुरक्षित, व्यवस्थित र व्यवसायमैत्री बनाउँदै चौबीसै घण्टा सञ्चालन गर्न सकिने वातावरण निर्माणका लागि आवश्यक तयारी भइरहेको जानकारी दिएका छन्।

राजधानीको प्रमुख पर्यटकीय तथा व्यापारिक क्षेत्र ठमेल र दरबारमार्गलाई यसअघि नै २४ घण्टा खुला गरिसकिएको छ। २०८१ वैशाख १ गते तत्कालीन उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको उपस्थितिमा ती स्थानलाई २४सै सञ्चालन गरिएको थियो।

काठमाडौं देशको अत्यन्त महत्त्वपूर्ण स्थान भएकाले जिल्लाभरि भरपर्दो सुरक्षा व्यवस्थापनसहित सडक यातायात, स्वास्थ्य सेवा, विद्युत्, इण्टरनेट, सिसिटिभी, सडक बत्तीलगायतका न्यूनतम पूर्वाधार व्यवस्थित गर्ने काम भइरहेको प्रमुख जिल्ला अधिकारी पौडेलले बताए।

त्यस्तै यातायात, व्यवसाय, व्यापार, स्वास्थ्य क्षेत्र, आपूर्ति व्यवस्था र सुरक्षाको भरपर्दो प्रबन्ध गरी २४ घण्टा खुला गर्ने अभियानलाई रणनीतिकरूपमा अघि बढाइएको जिल्ला प्रशासन कार्यालय काठमाडौंले जनाएको छ। काठमाडौं जिल्लाभित्र व्यापार, व्यवसाय तथा बजार क्षेत्रसमेत २४सै घण्टा सञ्चालन गर्ने विषयमा स्थानीय तह, विभिन्न निकाय, यातायात व्यवसायी तथा निजी क्षेत्रसँग समन्वय र छलफल गरिने जनाइएको छ।

प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०७/२५ गते का.जि. बाईपास देखि माछापोखरीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली माइग्रोशन सर्टिफिकेट हराएको हँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

तपशिल

नाम : Kumar Tamang
ठेगाना : Chabahil, Kathmandu
रजिष्ट्रेशन नं. 607637139
सिम्बोल नं. 329789
फोन: 9841145522

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०८१/०९/०५ मा दर्ता भएको **कम्फर्ट जोन पी.जी. प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३५७७०४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६६/०६/२९ मा दर्ता भएको **प्रा.लि.नं. ६६८४१** को **एसेन्स नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०६/२२ मा दर्ता भएको **प्रा.लि.नं. २००५६७** को **ब्रम्हदेव इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६८/०९/२४ मा दर्ता भएको **प्रा.लि.नं. ८४४६१** को **एन.एम.पि. ट्रेडिङ्ग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६३/१२/०६ मा दर्ता भएको **कुंवर इन्टरप्राइजेज प्रा.लि (प्रा.लि.नं. ४४७७५/०६३/०६४)** को मिति २०८३/०८/०१ को विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनीको स्वेच्छिक खारेजी (लिक्वीडेसन) मा लैजानु पर्ने भएकोले यस कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ। कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरु लाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ।

खारेजीकर्ता (लिक्विडेटर) विदुर पौड्याल (इजाजत पत्र नं. ४६६)
सम्पर्क नं.९८५१२१०४२२,का.म.न.पा.४, अनामनगर, काठमाण्डौं

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०७४/०४/३१ मा दर्ता भएको **प्रा. लि. नं. १७३११५** को **इरा ट्रेडर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०७५/१०/२१ मा दर्ता भएको **जे. एल. इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३०८००३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८.१०.०६ मा दर्ता भएको (प्रा. लि. दर्ता नं. २८१८३९) नोभा इलेक्ट्रोनिक्स प्रा. लि. को मिति २०८३.०६.३० गते सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: निलम प्रसाद गौतम,
इजाजतपत्र नं. ३९८, ठेगाना: अनामनगर, काठमाडौं,
फोन नं. ९८५११५८६८७

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०८/०३ गते

यस कम्पनीको मिति २०८३/०६/०६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **ईन्नोदय सप्लायर्स प्रा.लि.**को नाम परिवर्तन गरी **ईन्नोदय मिडिया प्रा.लि.(दर्ता नम्बर २९३८५१)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/१२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०८/०३ गते

यस कम्पनीको मिति २०८३/०६/१६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **होटल रिभरसाइड स्ट्रिट प्रा.लि.**को नाम परिवर्तन गरी **ठिमुरा फार्महाउस प्रा.लि.(दर्ता नम्बर ३५८४१२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०७/१८ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बिहीबार, ०३ मंसिर, २०८३

मेष रोकिएका काम अघि बढ्नेछन्। नयाँ अवसर प्राप्त हुन सक्छ, तर खर्चमा ध्यान दिनुहोला।

वृष आर्थिक पक्ष सबल बन्नेछ। परिवारमा सुखद वातावरण रहनेछ र मानसम्मान बढ्नेछ।

मिथुन नयाँ कामको योजना बन्नेछ। साथीभाइबाट सहयोग मिल्नेछ भने यात्राको अवसर आउन सक्छ।

कर्कट काममा उत्साह बढ्नेछ। पारिवारिक सम्बन्धमा सुधार आउनेछ र आर्थिक लाभको सम्भावना छ।

सिंह जिम्मेवारी बढे पनि काममा सफलता मिल्नेछ। बोली र व्यवहारमा संयम अपनाउनुहोला।

कन्या नयाँ अवसर प्राप्त हुनेछन्। रोकिएका काम पूरा हुनेछन् र व्यापार व्यवसायमा सुधार आउनेछ।

तुला आम्दानीका नयाँ स्रोत भेटिन सक्छन अनावश्यक विवादबाट टाढा रहनुहोला।

वृश्चिक आत्मविश्वास बढ्नेछ। कार्यक्षेत्रमा प्रशंसा पाइनेछ र महत्वपूर्ण निर्णय लिन सकिनेछ।

धनु सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ व्यक्तिसँगको भेटघाट फलदायी बन्न सक्छ।

मकर मेहनतअनुसार सफलता मिल्नेछ। आर्थिक कारोबार गर्दा सोचविचार गरेर अघि बढ्नुहोला।

कुम्भ नयाँ योजना सफल हुने संकेत छ। दाम्पत्य तथा पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ।

मीन दिन उत्साहपूर्ण रहनेछ। अध्ययन, व्यापार तथा रोजगारीका क्षेत्रमा परिणाम प्राप्त हुन सक्छ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य	४२५५५४०/४२५५५४१
चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२९१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३९५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

०३ मंसिर, २०८३ (१९ नोभेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१४९.२६	१४९.८६
युरो	१	१६४.१२	१६४.७८
पाउन्ड स्टर्लिङ	१	१९६.९०	१९७.६९
स्विस फ्रैन्क	१	१७८.०७	१७८.७९
अस्ट्रेलियन डलर	१	१००.४९	१००.८९
क्यानाडियन डलर	१	१०४.४२	१०४.८४
सिङ्गापुर डलर	१	११५.८६	११६.३२
जापानी येन	१०	९.३९	९.४३
चिनियाँ युआन	१	२२.३९	२२.४८
साउदी अरब रियाल	१	३९.७८	३९.९४
कतारी रियाल	१	४०.९५	४१.११
थाई भाट	१	४.४१	४.४३
संयुक्त अरब इमिरेट दिराम	१	४०.६४	४०.८०
मलेसियन रिङ्गेट	१	३६.४६	३६.६१
दक्षिण कोरियन वन	१००	११.१७	११.२२
स्विडिस क्रोनर	१	१४.७८	१४.८४
डेनिस क्रोनर	१	२१.९५	२२.०४
हङकङ डलर	१	१९.०२	१९.१०
कुवेती दिनार	१	४८३.३५	४८५.३०
बहराइन दिनार	१	३९५.७१	३९७.३०

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरुले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ।

मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि क्षेत्रीय सहकार्यमा जोड

■ प्रभाव संवाददाता



काठमाडौं– नेपाल, भारत र भुटानमा मानव-वन्यजन्तु द्वन्द्व साझा चुनौतीका रूपमा बढ्दै गएको भन्दै यसको न्यूनीकरणका लागि क्षेत्रीय सहकार्य, ज्ञान आदानप्रदान र स्थानीय आवश्यकतामा आधारित समाधानमा जोड दिइएको छ । मानव र वन्यजन्तुबीच बढ्दो द्वन्द्व न्यूनीकरण गर्दै सहअस्तित्वका लागि दीर्घकालीन र दिगो उपाय खोज्ने उद्देश्यले भुटानको थिम्पुमा आयोजित तीनदिने अन्तर्राष्ट्रिय सम्मेलनमा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा तीन देशबीच सहकार्यमा जोड दिइएको हो ।

तीन देशमा वन्यजन्तु र मानिसबीचको बढ्दो द्वन्द्व, वन्यजन्तुको बासस्थान खण्डीकरण तथा बासस्थानमाथिको बढ्दो दबाबजस्ता समस्या समान रहे पनि द्वन्द्वको प्रकृति र गम्भीरता भने भौगोलिक क्षेत्र तथा देशअनुसार फरक रहेको संरक्षणकर्मीहरूले बताएका हुन् । नेपाल, भारत र भुटान हेर्ने विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ)का क्षेत्रीय प्रमुखले मानव-वन्यजन्तु द्वन्द्व राष्ट्रिय सीमाभन्दा परको साझा चुनौती भएकाले यसको समाधानका लागि क्षेत्रीयस्तरमा सामूहिक पहल आवश्यक रहेकोमा जोड दिएका छन् ।

विश्व वन्यजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरुङले भविष्यमा विकास गरिने मानव-वन्यजन्तु सहअस्तित्वका नवीन उपायमा आदिवासी तथा स्थानीय समुदायलाई केन्द्रमा राख्नुपर्नेमा जोड दिए । उनले समुदायको सहभागिता, आवश्यकता र अनुभवलाई संरक्षणका उपायमा समेट्नु आवश्यक रहेको बताए ।

'तीन देशका पारिस्थितिक, सामाजिक-आर्थिक तथा संस्थागत अवस्था फरक रहेकाले द्वन्द्व न्यूनीकरणका उपाय पनि स्थानीय वास्तविकता र समुदायको आवश्यकताअनुसार तयार गर्नुपर्छ,' राष्ट्रिय प्रतिनिधि गुरुङले भने, 'क्षेत्रीय सहकार्य, अनुभव आदानप्रदान र साझा सिकाइ महत्त्वपूर्ण भए पनि स्थानीय परिवेशअनुकूलका समाधान आवश्यक रहेको छ ।'

उनले मानिस र ठूला मांसाहारी वन्यजन्तुबीचको भेटघाट तथा द्वन्द्व कम गर्न गन्धमा आधारित अवरोधक प्रणालीको परीक्षण गरिरहेको जानकारी गराए । विज्ञानमा आधारित उक्त नवीन प्रविधिले परम्परागत द्वन्द्व न्यूनीकरणका उपायलाई थप प्रभावकारी बनाउन सक्ने भन्दै सहभागीले चासो व्यक्त गरेका थिए ।

बैठकमा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा संरक्षणका लागि दिगो वित्तीय स्रोत जुटाउन भइरहेका नवीन प्रयासबारे पनि छलफल भएको थियो । त्यस्तै, भुटानले बाघ संरक्षण तथा व्यवस्थापनका लागि दिगो वित्त जुटाउने उद्देश्यले परीक्षण गरिरहेको 'टाइगर इम्प्याक्ट सर्टिफिकेट' पहललाई पनि सम्भावनायुक्त उपायका रूपमा प्रशंसा गरिएको थियो । त्यस्ता पहलले संरक्षणका उदीयमान चुनौती सम्बोधन गर्न नवीन प्रविधि, देशहरूबीच अनुभव आदानप्रदान तथा नयाँ वित्तीय स्रोतको खोजी आवश्यक रहेको सहभागीको भनाइ छ ।

'एएमआर'को बढ्दो जोखिम

■ बुनु थारू

काठमाडौं– एण्टिमाइक्रोबियल रेसिसटेन्स (एएमआर) विश्वव्यापी स्वास्थ्य चुनौतीका रूपमा फैलिँदै गएको छ । औषधिको जथाभावी प्रयोग र दुरूपयोगका कारण संक्रमणविरुद्ध प्रयोग गरिने औषधि प्रभावहीन बन्दै जाँदा 'एएमआर'को जोखिम बढ्दै गएको हो । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार ब्याक्टेरियाजन्य एण्टिमाइक्रोबियल प्रतिरोध (एएमआर) सन् २०२१ मा विश्वभर ४७ लाख १० हजार मानिसको मृत्युमा सम्बन्धित थियो भने ११ लाख ४० हजारको मृत्यु प्रत्यक्ष रूपमा एएमआरका कारण भएको थियो । औषधि प्रतिरोधी संक्रमणको जोखिम बढ्दै जानु स्वास्थ्य क्षेत्रका लागि गम्भीर चुनौती बनेको छ ।

सन् २०२५ देखि २०५० सम्ममा एएमआरका कारण विश्वभर तीन करोड ९० लाखभन्दा बढी मानिसको प्रत्यक्ष मृत्यु हुनसक्ने अनुमान गरिएको छ । यसको असमानुपातिक असर न्यून तथा मध्यम आय भएका देशमा बढी पर्ने देखिएको छ ।

एण्टिमाइक्रोबियल प्रतिरोध भन्नाले ब्याक्टेरिया, भाइरस, फंगस तथा परजीवीलाई नष्ट गर्न प्रयोग गरिने औषधिले प्रभावकारीरूपमा काम गर्न छाड्ने अवस्थालाई जनाउँछ । यस्तो अवस्थामा एण्टिबायोटिक, एण्टिफंगल, एण्टिभाइरल तथा एण्टिप्यारासाइटिक औषधि प्रभावहीन हुँदै जान्छन् र संक्रमणको उपचार कठिन वा असम्भव हुनसक्छ । औषधिको गलत भण्डारण, वितरण, सिफारिस तथा अपर्याप्त अनुगमनले पनि समस्या बढाउने गरेको डब्लुएचओले जनाएको छ ।

एण्टिमाइक्रोबियल औषधिको अत्यधिक तथा जथाभावी प्रयोग यसको प्रमुख कारण रहेको विज्ञहरूको भनाइ छ । स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा. कृष्णप्रसाद पौडेलले एएमआर मौन महामारीका रूपमा फैलिँदै गएको बताउँछन्।एण्टिबायोटिकलगायत एण्टिमाइक्रोबियल औषधिको जथाभावी प्रयोग र दुरूपयोगका कारण पहिले प्रभावकारी मानिएका औषधिलेसमेत काम गर्न छाड्दै गएको उनले बताए । 'हामीले हिजो प्रयोग गर्दा प्रभावकारी हुने औषधि अहिले काम नगर्ने अवस्था सिर्जना हुँदै छ । आइसियूमा देखिने कतिपय ब्याक्टेरियामा कुनै पनि एण्टिबायोटिकले काम नगर्ने अवस्था छ,' उनले भने ।

चिकित्सकको सिफारिसविना एण्टिबायोटिक बिक्री तथा प्रयोग हुने प्रवृत्तिले एएमआरको जोखिम बढाएको पौडेलले बताए। आवश्यकताविना र गलत तरिकाले एण्टिबायोटिक प्रयोग गर्दा संक्रमणविरुद्ध लड्ने औषधिको प्रभावकारिता घट्दै जाने र उपचार थप जटिल बन्ने उनको भनाइ छ ।

औषधिको प्रभावकारिता घट्दै जाँदा महँगा औषधि प्रयोग गर्नुपर्ने अवस्था आउने र उपचार असफल हुने जोखिमसमेत बढ्ने उनले उल्लेख गरे । एएमआर नियन्त्रणका लागि औषधिको जथाभावी प्रयोग रोक्नुपर्ने उनको सुझाव छ । उनका अनुसार स्वास्थ्यकर्मी, औषधि बिक्रेता तथा वातावरण क्षेत्रमा काम गर्ने सबै पक्षलाई यस विषयमा सचेत बनाउन आवश्यक छ ।

दर्ता नभएका औषधिको खुला बिक्री तथा विज्ञको सल्लाहविना औषधि प्रयोग गर्ने प्रवृत्तिलाई समेत नियन्त्रण गर्न जरुरी छ । 'एएमआर नियन्त्रणका लागि मानव स्वास्थ्य, पशु स्वास्थ्य र वातावरणलाई छुट्टाछुट्टै नभई एकीकृतरूपमा हेर्नुपर्छ । 'वान हेल्थ' अवधारणाअनुसार सबै क्षेत्रबीच समन्वय र सहकार्य आवश्यक छ,' उनले भने ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले एण्टिमाइक्रोबियलप्रतिरोध(एएमआर) को दुरूपयोग रोकथामका लागि मन्त्रालयले रणनीति बनाएर काम गरिरहेको बताएका छन् । उनका अनुसार यस विषयमा मन्त्रालयमा उच्चस्तरीय समन्वय समिति रहेको छ । एण्टिमाइक्रोबियल औषधिको प्रयोग, पशु क्षेत्रमा चिकित्सकको प्रेस्क्रिप्सनविना हुने प्रयोगलगायत विषयमा सचेतना अभिवृद्धि र समन्वयात्मकरूपमा काम भइरहेको छ । विभिन्न अध्ययन तथा अनुसन्धानका निष्कर्ष र सिफारिसका आधारमा पनि आवश्यक काम अघि बढाइएको उनले बताए ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०२४ मा सार्वजनिक गरेको 'नेपालमा एण्टिबायोटिक्सको प्रयोग र यसको प्रतिरोधको अवस्थागत मूल्यांकन' अध्ययनअनुसार २८ प्रतिशत बिरामीले चिकित्सकको सल्लाहविना नै औषधि किन्ने गरेको पाइएको छ । त्यस्तै, २२ प्रतिशत बिरामीले औषधिको पूरा मात्रा नखाई बीचमै छाड्ने गरेको अध्ययनले देखाएको छ । विज्ञहरूका अनुसार चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना एण्टिबायोटिक औषधि सेवन गर्नु हुँदैन । चिकित्सकले सिफारिस गरेअनुसार औषधिको निर्धारित मात्रा पूरा गर्नुपर्छ । *रासस*

युएइमा रोजगार

कम्पनी : Burj Al Wadi Plastering Works

पूर्व स्वीकृति मिति : २०८३/०८/०१ | LT. No. 350507 | चलानी नं. ६०१६३५२३

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: AED	मासिक तलब: ने.रू.	अवेर राति सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	All Mason	6	0	1500	६१,०३०	छैन	८ घण्टा	६ दिन	छैन	छ	छ	२ वर्ष
2	Carpenter	17	0	1500	६१,०३०							
3	Steal Fixer	5	0	1500	६१,०३०							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १० गते (26th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसिरहे पि.सि.सी. सबै गराएको खर्च र गरि लाग्ने	रोजगार सम्पन्नीले मेडिकल सबै दिने / गरिदिने	स्वदेशमा बसिरहे बिमा सबै गराएको व्यहोर्ने र गरि लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गराएको व्यहोर्ने	हवाई टिकट गराएको दिने र गरि लाग्ने	भिषा शुल्क गराएको दिने र गरि लाग्ने	सामाजिक सुरक्षा कोष गराएको दिने र गरि लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धित दलहरू:	सेवा शुल्क	अभिमुखिकरण शुल्क गरी लाग्ने र गराएको व्यहोर्ने	बिमा रजिष्ट्रेशन शुल्क गराएको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९६/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा लिमा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रहम पुजारुन होला । २) आफ्नो रक्सबको मौका भविष्यमा नेपाली दूतावासमा सम्पर्क राख्नुहोला । ३) आफ्नो कार्यस्थल पर्यो सम्पर्क गर्न सजिलो होला । ४) विदेश जानुअघि अनिवार्य लिनुपर्ने । ५) कामका विषयमा जानकारी लिनुहोला । ६) कामदार भिसा तथा टिकटको पैसा कम्पनीले तिर्नुपर्ने । ७) कामदार भिसा तथा टिकटको पैसा कम्पनीले तिर्नुपर्ने । ८) विदेश जानुअघि अनिवार्य लिनुपर्ने । ९) आफ्नो कार्यस्थल पर्यो सम्पर्क गर्न सजिलो होला । १०) आफ्नो रक्सबको मौका भविष्यमा नेपाली दूतावासमा सम्पर्क राख्नुहोला । ११) आफ्नो कार्यस्थल पर्यो सम्पर्क गर्न सजिलो होला । १२) विदेश जानुअघि अनिवार्य लिनुपर्ने । १३) विदेश जानुअघि अनिवार्य लिनुपर्ने । १४) विदेश जानुअघि अनिवार्य लिनुपर्ने । १५) विदेश जानुअघि अनिवार्य लिनुपर्ने । १६) विदेश जानुअघि अनिवार्य लिनुपर्ने । १७) विदेश जानुअघि अनिवार्य लिनुपर्ने । १८) विदेश जानुअघि अनिवार्य लिनुपर्ने । १९) विदेश जानुअघि अनिवार्य लिनुपर्ने । २०) विदेश जानुअघि अनिवार्य लिनुपर्ने ।

Fix Job Overseas Pvt. Ltd.
Govt. Lic. No. 1590/079/80
Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल मंसिर महिना ३ गते बिहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) शाखा कार्यालय : खोलेसिमल शाखा	**कर्जा शीर्षक : साधारण कर्जा**
ऋणीको विवरण	
डिल बहादुर आले मगरको छोरी मन बहादुर बस्नेतको बुहारी अर्जुन बस्नेतको पत्नी चितवन जिल्ला शक्तिखोर वडा नं. ९ हाल, कालिका न.पा. वडा नं. ८ बस्ने **रिना बस्नेत** (ना.प्र.नं. : ३५/०४८६५५ जारी मिति र जिल्ला : २०६६/१०/२८, चितवन)	
व्यक्तिगत धनजमानीकर्ताको विवरण	
मिन बहादुर बस्नेतको नाति मन बहादुर बस्नेतको छोरा चितवन जिल्ला शक्तिखोर वडा नं. ७ हाल, कालिका न.पा. वडा नं. ८ बस्ने **अर्जुन बस्नेत** (ना.प्र.नं. : ०४६७३० जारी मिति र जिल्ला : २०६६/०४/२७, चितवन)	
२) शाखा कार्यालय : खोलेसिमल शाखा	**कर्जा शीर्षक : साधारण कर्जा**
ऋणीको विवरण	
ढिल ब. घिसिङको छोरी लाल बहादुर रुम्वाको बुहारी खडक बहादुर रुम्वाको पत्नी चितवन जिल्ला जुटपानी वडा नं. ६ हाल, कालिका न.पा. वडा नं. ६ बस्ने **लाल माया रुम्वा** (ना.प्र.नं. : ३५३०१६/९५१ जारी मिति र जिल्ला : २०६३/११/१४, चितवन)	
व्यक्तिगत धनजमानीकर्ताको विवरण	
आस बहादुर रुम्वाको नाति लाल बहादुर रुम्वाको छोरा चितवन जिल्ला जुटपानी वडा नं. ६ हाल, कालिका न.पा. वडा नं. ६ बस्ने **खडक बहादुर रुम्वा** (ना.प्र.नं. : ०३२८७७ जारी मिति र जिल्ला : २०६३/०७/२७, चितवन)	
३) शाखा कार्यालय : गल्छी शाखा	**कर्जा शिर्षक : आवधिक सामुहिक कर्जा**
ऋणीको विवरण	
लाल बहादुर तामाङको बुहारी कृष्ण बहादुर तामाङको पत्नी धादिङ जिल्ला बैरेनी वडा नं. १ हाल, गल्छी गा.पा. वडा नं. ४ बस्ने **गोमा तामाङ** (ना.प्र.नं. : २६१/५३३३० जारी मिति र जिल्ला : २०६८/११/१९, धादिङ)	
व्यक्तिगत धनजमानीकर्ताको विवरण	
भकले बहादुर तामाङको नाति धन बिर तामाङको छोरा धादिङ जिल्ला बैरेनी वडा नं. १ हाल, गल्छी गा.पा. वडा नं. ४ बस्ने **जगं बहादुर तामाङ** (ना.प्र.नं. : ३/३११४ जारी मिति र जिल्ला : २०४४/११/१४, धादिङ)	
४) शाखा कार्यालय : पाल्पा शाखा	**कर्जा शीर्षक : आवधिक सामुहिक कर्जा**
ऋणीको विवरण	
छविलाल रेश्मीको छोरी जित सिं गेडेल मगरको बुहारी थमन सिं गेडेल मगरको पत्नी पाल्पा जिल्ला मदनपोखरा गा.वि.स. वडा नं. ३ हाल, तानसेन न.पा. वडा नं. १ बस्ने **शोभा गेडेल मगर** (ना.प्र.नं. : ३९३०४०/४८ जारी मिति र जिल्ला : २०६३/११/२७, पाल्पा)	
व्यक्तिगत धनजमानीकर्ताको विवरण	
१) भुपाल सिं दिशा थापाको छोरी छविलाल रेश्मीको बुहारी चन्द्र बहादुर रेश्मी पत्नी पाल्पा जिल्ला झडेवा वडा नं. १ हाल, तानसेन न.पा. वडा नं. १ बस्ने बस्ने **हेम कुमारी दिशा थापा** (ना.प्र.नं. : ३९१०२३/४९६ जारी मिति र जिल्ला : २०६८/०४/०९, पाल्पा)	
२) जोग बहादुर रानाको छोरी कर्ण बहादुर रेश्मी बुहारी छविलाल रेश्मीको पत्नी पाल्पा जिल्ला बराडदी वडा नं. २ हाल, तानसेन न.पा. वडा नं. १ बस्ने बस्ने **श्रीमती बाल कुमारी रेश्मी** (ना.प्र.नं. : ४९८४ जारी मिति र जिल्ला : २०४६/१२/२४, पाल्पा)	
५) शाखा कार्यालय : बनेपा शाखा	**कर्जा शीर्षक : मुक्तिनाथ सहुलियत कर्जा–आबधिक**
ऋणीको विवरण	
नाम : **सुन्तली तरकारी पसल** प्रोप्राइटरको नाम : सुन्तली खड्का प्रा.फ.र.नं. :५०६८/०७६/०७७ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता मिति : २०७६/०७/०१ रजिष्टर्ड ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ४ स्थायी लेखा नं. : ६१२२४४७६६	
प्रोप्राइटरको विवरण	
कर्ण बहादुर खड्काको बुहारी तुल बहादुर खड्काको पत्नी रामेछाप जिल्ला खनियापानि वडा नं. ९ हाल, काभ्रे पलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ४ बस्ने **सुन्तली खड्का** (ना.प्र.नं. : २११०५०/२७२५ जारी मिति र जिल्ला : २०६४/०७/२९, रामेछाप)	
व्यक्तिगत धनजमानीकर्ताको विवरण	
१) शेर बहादुर खड्काको नाति कर्ण बहादुर खड्काको छोरा रामेछाप जिल्ला खनियापानि गा.वि.स. वडा नं. ९ हाल, काभ्रेपलाञ्चो जिल्ला धुलिखेल न.पा. वडा नं. ४ बस्ने **तुल बहादुर खड्का** (ना.प्र.नं. : ५४०५३-२११०५० जारी मिति र जिल्ला : २०५९/०१/२७, रामेछाप)	
२) कर्ण बहादुर खड्काको नाति तुल बहादुर खड्काको छोरा रामेछाप जिल्ला सुनपाती गा.पा. वडा नं. ७ हाल, काभ्रेपलाञ्चो जिल्ला धुलिखेल गा.पा. वडा नं. ४ बस्ने **वासुदेव खड्का** (ना.प्र.नं. : २१-०१-७८-००२७० जारी मिति र जिल्ला : २०७८/०१/१६, रामेछाप)	
३) दिल प्रसाद श्रेष्ठको बुहारी प्रताप श्रेष्ठको पत्नी काठमाडौं जिल्ला काठमाडौं वडा नं. २३ हाल, काभ्रे पलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ४ बस्ने **निरा मानन्धर** (ना.प्र.नं. : १६३९७ जारी मिति र जिल्ला : २०४३/०१/१२, काठमाडौं)	
६) शाखा कार्यालय : बनेपा शाखा	**कर्जा शीर्षक : मुक्तिनाथ सहुलियत कर्जा–आबधिक**
ऋणीको विवरण	
नाम : **बज्रयोगीनी तरकारी तथा फलफुल पसल** प्रोप्राइटरको नाम :गोमा भुजेल प्रा.फ.र.नं. : ६१६१/०७८/०७९ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता मिति : २०७८/०४/२० रजिष्टर्ड ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ४ स्थायी लेखा नं. : ६१६२४७८९९	
प्रोप्राइटरको विवरण	
खड्क बहादुर भुजेलको बुहारी अर्जुन भुजेलको पत्नी दोलखा जिल्ला शैलुङ गा.पा. वडा नं. ४ हाल, काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ४ बस्ने **गोमा भुजेल** (ना.प्र.नं. : २२१०११-३५५ जारी मिति र जिल्ला : २०६९/०३/१७, दोलखा)	
व्यक्तिगत धनजमानीकर्ताको विवरण	
१) गोपी लाल श्रेष्ठको बुहारी जय दयाल माकजुको पत्नी काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ७ बस्ने **लिला देवी श्रेष्ठ** (ना.प्र.नं. : ३०-०१-७३-०५५७० जारी मिति र जिल्ला : २०७३/०३/२७, काभ्रेपलाञ्चोक)	
२) खड्क बहादुर भुजेलको नाति अर्जुन भुजेलको छोरा दोलखा जिल्ला शैलुङ गा.पा. वडा नं. ४ हाल, काभ्रे पलाञ्चो जिल्ला धुलिखेल न.पा. वडा नं. ४ बस्ने **अनिश भुजेल** (ना.प्र.नं. : २२-०१-७७-०१३७७ जारी मिति र जिल्ला : २०७७/०९/०५, दोलखा)	

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

को-म्हेन्दो बचत तथा ऋण सहकारी संस्था लिमिटेड

का.म.न.पा.-१०, काठमाडौं, फोन नं. ०१-५९०९२९०

१६ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/०३ गते

यस को-म्हेन्दो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८३/०७/२० गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको १६ औं वार्षिक साधारण सभा निम्न स्थान मिति र समयमा निम्न उपर छलफल गर्न बस्ने भएकोले संस्थाका शेयर दस्यहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

साधारण सभा हुने, मिति, समय र स्थान:

मिति : २०८३/०९/११ गते
समय : दिउँसो १:०० बजे
स्थान : सिजन ५२ क्याफे एण्ड सेकुवा घर, बुद्धनगर, काठमाडौं
फोन नं. : ९८४१२२२१२८, ९८१२१२८७८४, ०१-५९०९२९०

छलफलका विषयहरू:

१. सञ्चालक समितिका तर्फबाट अध्यक्ष ज्यूले आ.व.२०८२/०८३ को वार्षिक र आगामी आर्थिक वर्षको अनुमानित योजना तथा प्रतिवेदन प्रस्तुत गर्न र सो उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८२/०८३ को लेखा परीक्षणको र लेखा समितिको प्रतिवेदन सहित संस्थाको वासलात विवरण माथि छलफल गरी पारित गर्ने ।
३. चालु आ.व.२०८३/०८४ को वार्षिक लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक सम्बन्धमा ।
४. यस सहकारीको नाममा लिलाम दाखा गरी घरजग्गा ल्याउने, बिक्री गर्ने निर्णयको अख्तियारी सम्बन्धमा ।
५. कर्जाको ब्याज, जरिवाना छुट गर्ने अख्तियारी सम्बन्धमा ।
६. सञ्चालक समितिको मोबाइल खर्चको बारेमा ।
७. शेयर पुजि बढाउने बारेमा ।
८. आ.व.२०८२/०८३ सञ्चालक समितिले गरेको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
९. साधारण सभाको निर्णय पुस्तिका प्रमाणिकरण गर्नका लागि सदस्य चयन गर्ने सम्बन्धमा ।
१०. विविध ।

सञ्चालक समितिबाट
सचिव

संस्थापक शेयर बिक्री सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८३/०८/०३ गते)

यस नेको इन्सुरेन्स लिमिटेडका संस्थापक शेयरधनीले शेयर बिक्री गर्ने इच्छा जाहेर गरि कम्पनीमा निवेदन दिनु भएकोमा सञ्चालक समितिको मिति २०८३ असोज २८ गते सम्पन्न बैठकबाट रू.१००/ अंकित दरका कुल **१०,०००** **(दश हजार मात्र)** कित्ता शेयर बिक्री गर्न प्रक्रिया अबलम्बन गरी संस्थापक शेयरधनीहरूलाई शेयर खरिद गर्नको लागि मिति २०८३/०६/२९ गते सौर्य दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गरिएकोमा कुनै पनि संस्थापक शेयरधनी महानुभावहरूबाट शेयर खरिदको लागि निवेदन प्राप्त नभएकोले प्रचलित कानुन बमोजिम माथि उल्लेखित शेयर कित्ता अन्य व्यक्ति वा संस्थाहरूलाई बिक्री गर्नको लागि यो **७ दिने** सूचना प्रकाशित गरिएको छ । खरिद गर्न चाहेको कित्ता र प्रति शेयर मूल्य स्पष्ट रूपमा खुलाउनुपर्नेछ साथै **१००० (एक हजार)** कित्ता भन्दा कमको निवेदन दिन पाइनेछैन । संस्थापक शेयर खरिदको लागि नेपाल बीमा प्राधिकरणबाट जारी भएको बीमकको संस्थापक शेयर खरिद बिक्री निर्देशिका, २०७७ बमोजिम योग्य हुनुपर्नेछ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

नेको इन्सुरेन्स लि.
NECO INSURANCE LTD.
MAKE A VISIBLE DIFFERENCE

सम्पर्क ठेगाना
Beema Bhawan, Gyaneshwor, Kathmandu
Phone No. 01-4542263, 01-4531462
Email :info@neco.com.np Web: http://neco.com.np

संस्थापक शेयर खरिद सम्बन्धी १५ दिने हकदाबी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८३/०८/०३)

मिति २०८३/०३/३२ गते सम्पन्न यस **ईनोभेटिभ ईको कृषि कम्पनी लिमिटेड** को प्रथम वार्षिक साधारण सभाले पारित गरे बमोजिम कम्पनीको चुक्ता पुँजी वृद्धि गर्नका लागि प्रति कित्ता १०० का दरले कुल १,००,००० (एक लाख) कित्ता रकम रु. १०००००० अक्षरुपी एक करोड रुपैयाको संस्थापक शेयर निष्कासन गर्ने प्रयोजनार्थ मिति २०८३/०६/१२ गते बसेको सन्चालक समितिको बैठकको निर्णय मुताविक शेयर निष्काशन प्रकृया अगाडि बढाँइएकोले उक्त शेयर खरिद हक, पहिलो हकदाबी हाल कायम संस्थापक शेयरधनीहरुको हुने व्यवस्था बमोजिम कायम सम्पूर्ण संस्थापक शेयरधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विद्यमान संस्थापक शेयरधनी महानुभावहरूलाई उक्त सेयर खरिद गर्ने ईच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कम्पनीको केन्द्रीय कार्यालय रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका-१३, भैरहवामा निवेदन दिनुहुन सूचित गरिन्छ ।

नियम अनुसार, विद्यमान संस्थापक शेयरधनीहरूलाई पूँजीको समानुपातिक आधारमा (Pro Rata Basis) हक बमोजिम बाँडफाँड गरिनेछ । यदि तोकिएको म्यादभित्र कायम शेयरधनीहरूबाट आवेदन नपरेमा वा बाँकी रहेमा, उल्लेखित शेयर नियमानुसार अन्य व्यक्ति वा संस्थालाई बिक्री प्रक्रियामा लगिने व्यहोरा जानकारी गराइन्छ ।

थप जानकारीको लागि यस ईनोभेटिभ इको कृषि कम्पनी लिमिटेडको केन्द्रीय कार्यालय रुपन्देही जिल्ला सिद्धार्थनगर –१३, भैरहवा मा सम्पर्क राख्नु होला ।

IKL इनोभेटिभ ईको कृषि कम्पनी लिमिटेड
Innovative Eco Krishi Company Limited

प्रभाव दैनिक
National Daily

सम्पादकीय

करदातालाई उपहार होइन, न्याय र सहजता देऊ

विकसित मुलुकमा राजस्व संकलनको मुख्य उद्देश्य उद्योगलाई कस्नेमात्र हैन ती उद्योगलाई समस्या पर्दा सहुलियत दिने पनि हुन्छ । तर नेपालमा कर तिर्न प्रोत्साहन भन्दै सरकारले बम्पर उपहार अफर ल्याएको छ । करदातालाई आकर्षित गर्न चिट्ठा उपहार सञ्चालन गर्नु आधुनिक संसारमा भाग्यवादमाथिको विश्वास फैलाउनु त हो नै अझ कैयन् करदातामाथि अन्याय गर्नुसमेत हो । यस्तो व्यवस्था भन्दा सरकारले हरेक करदातालाई पर्न सक्ने अप्ठेरोमा मल्हम लगाउने चाँजोपाँजो मिलाउनुपर्ने हो ।

तर कर दिवसका अवसरमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले चिट्ठा प्रणाली आएपछि करमा सुधार आएको दाबी गरेका छन् । स्थायी लेखा नम्बर लिनेको संख्या वृद्धिलाई अर्थमन्त्रीले सुधारको संकेतका रूपमा हेरेका रहेछन् । अहिले हरेक व्यक्तिका लागि आम्दानी, रोजगारी र व्यवसायका लागि स्थायी लेखा नम्बर अनिवार्य हुँदै आएको छ । जसकारण स्थायी लेखा नम्बर लिनुलाई सरकारले उपलब्धि मान्नु बेकार हो ।

चालु आर्थिक वर्षको प्रथम चौमासको कर संकलन हेर्ने हो भने पनि प्रस्ट हुन्छ । पछिल्लो चार महिनामा २३ प्रतिशतको हाराहारीमा मात्र राजस्व संकलन भएको छ त्यो पनि धेरै छुटको अफर दिएका कारण । राजस्व संकलनका लागि सरकारले निकै अप्ठेरो नीति नियम लगाएर अड्काइरहेको छ । एक त कर तिर्न अझै सहज छैन । अर्को कुरा करदातालाई प्रोत्साहन गर्नुपर्नेमा उल्टै जरीवाना बढाएर हतोत्साही गरिन्छ । करदातालाई पर्ने अर्को मार हो महँगो अडिटिङ । खासमा सरकारले सही समयमा कर लिने हो भने आफैंले अडिट गरिदिने र जरिवानाको व्यवस्था हटाउनुपर्छ ।

यसो गरेमा समयमै कर उठ्छ । समयमा कर तिर्नेलाई उनीहरूको अप्ठेरो परिस्थितिमा समन्वय गर्ने, कर नतिर्नेलाई राज्यका विभिन्न सेवासुविधामा बञ्चित गराउनेजस्ता व्यवस्था ल्याउँदा अझ राम्रो हुन्छ । तर हरेकजसो वस्तु तथा सेवामा दोहोरो करको भार थोपार्दा सर्वसाधारणको क्रयशक्ति घट्दै गएको छ । जसका कारण आर्थिक शिथिलताका बढ्दो छ ।

सम्बोधन गर्नुपर्ने विषय छाडेर राज्य सस्तो लोकप्रियताको पछि लाग्नु दुखद हो । त्यसैले, राजस्व संकलनमा दिगो सुधार ल्याउन सरकारका दाबी र करदाताका व्यावहारिक कठिनाइबीच सन्तुलन मिलाउनु अपरिहार्य छ । आन्तरिक राजस्व विभागको १५ बुँदे संकल्प कागजमामात्र सीमित नभई व्यवहारमा कार्यान्वयन हुन सकेमामात्र कर प्रशासनप्रतिको जनविश्वास बढ्ने छ । कर प्रणालीलाई सरल, पारदर्शी र लगानीमैत्री बनाउँदै आमनागरिकमा कर तिर्नु बोझ होइन, दायित्व हो भन्ने भावना जागृत गराउन सरकारले विशेष प्याकेज ल्याउनैपर्छ । अनिमात्र मुलुकको अर्थतन्त्रले सही गति लिन सक्छ ।

श्रम सरोकार

सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

नेपाल–चीन सम्बन्ध: कूटनीतिबाट समृद्धितर्फको आयाम



■ डा. कल्याणराज शर्मा

> नेपाल-चीन सम्बन्धको आगामी दिशा राजनीतिक विश्वासलाई आर्थिक अवसरमा, कूटनीतिक संवादलाई विकासको परिणाममा र अन्तर राष्ट्रिय सहकार्यलाई नेपाली जनताको समृद्धिमा रूपान्तरण गर्ने हुनुपर्छ । राष्ट्रिय स्वाभिमान, पारस्परिक सम्मान र सन्तुलित परराष्ट्र नीतिमा आधारित परिणाममुखी कूटनीतिले मात्र यस सम्बन्धलाई थप विश्वसनीय, दिगो र जनमुखी बनाउन सक्छ । नेपाल-चीन सम्बन्ध नयाँ आयाममा कूटनीति औपचारिक सम्बन्धको माध्यममात्र नभई राष्ट्रिय समृद्धिको प्रभावकारी साधन बन्ने छ ।

बदलिँदो विश्व व्यवस्था, क्षेत्रीय शक्ति सन्तुलनमा आएको परिवर्तन, प्रविधिको तीव्र विकास र आर्थिक प्रतिस्पर्धाको विस्तारले आज कूटनीतिक सम्बन्धको परम्परागत परिभाषालाई फराकिलो बनाएको छ । अब कूटनीति केवल राज्यहरूबीच औपचारिक संवाद गर्ने, राजनीतिक सद्भाव व्यक्त गर्ने र उच्चस्तरीय भ्रमण आदानप्रदान गर्ने माध्यममात्र रहेन । यो राष्ट्रिय अर्थतन्त्रलाई गतिशील बनाउने, विदेशी लगानी आकर्षित गर्ने, निर्यात बजार विस्तार गर्ने, प्रविधि हस्तान्तरण सुनिश्चित गर्ने, रोजगारी सिर्जना गर्ने र नागरिकको जीवनस्तर सुधार गर्ने महत्त्वपूर्ण साधनसमेत बनेको छ ।

नेपाल र जनवादी गणतन्त्र चीनबीचको सम्बन्ध औपचारिक सम्बन्ध स्थापना भएको सात दशकभन्दा बढी समय बितिसक्दा नेपाल-चीन सम्बन्धले राजनीतिक संवाद, व्यापार, पूर्वाधार विकास, पर्यटन, शिक्षा, प्रविधि तथा जनस्तरको सम्पर्कलगायत अनेक क्षेत्रमा विस्तार हुने अवसर प्राप्त गरेको छ । भौगोलिक निकटता, ऐतिहासिक सम्पर्क, सांस्कृतिक आदानप्रदान, पारस्परिक सम्मान र शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तमा आधारित छ ।

यस सन्दर्भमा नेपाल-चीन सम्बन्धलाई नयाँ दृष्टिकोणबाट मूल्यांकन गर्नु आवश्यक छ । नेपाल-चीन सम्बन्धलाई परम्परागत कूटनीतिक सीमाभन्दा बाहिर विस्तार गरी आर्थिक समृद्धि, राष्ट्रिय क्षमता अभिवृद्धि र जनताको प्रत्यक्ष लाभसँग जोड्ने प्रयासमा निहित छ । स्पष्ट प्राथमिकता, व्यावहारिक कार्ययोजना, संस्थागत समन्वय, समयबद्ध कार्यान्वयन र परिणामको नियमित मूल्यांकनले मात्र यसलाई प्रभावकारी बनाउन सक्ने छन् । राजनीतिक विश्वास कायम राख्दै नेपालको राष्ट्रिय हितको प्रभावकारी प्रतिनिधित्व गर्ने, द्विपक्षीय सम्झौताको कार्यान्वयनमा जोड दिने, व्यापार घाटा न्यूनीकरण गर्ने, चिनियाँ लगानीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्ने, पर्यटन प्रवर्द्धन गर्ने तथा पारवहन र कनेक्टिभिटी विस्तार गर्ने विषय यसका प्रमुख प्राथमिकता हुन् ।

राष्ट्रिय हित र सन्तुलित परराष्ट्र नीति: कूटनीतिको आधार

नेपालको संविधान, संयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशीलका सिद्धान्त, असंलग्न परराष्ट्र नीति, अन्तर्राष्ट्रिय कानुन तथा पारस्परिक सम्मान नेपालको कूटनीतिक व्यवहारका प्रमुख आधार हुन् । राष्ट्रिय सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्र निर्णय क्षमता र राष्ट्रिय स्वाभिमानको रक्षा गर्दै आर्थिक विकासका अवसर उपयोग गर्नु नेपालको परराष्ट्र नीतिको मूल उद्देश्य हुनुपर्छ । नेपालको भूराजनीतिक अवस्थिति विशिष्ट छ । उत्तरमा चीन र पूर्व, पश्चिम तथा दक्षिणतर्फ भारतसँग जोडिएको नेपालले आफ्नो भौगोलिक अवस्थिति, आर्थिक आवश्यकता र राष्ट्रिय स्वार्थलाई ध्यानमा राखेर परराष्ट्र नीति सञ्चालन गर्नुपर्छ ।

चीनसँगको सम्बन्धमा नेपालको 'एक चीन' नीतिप्रतिको प्रतिबद्धता तथा नेपाली भूमि कुनै पनि छिमेकीको हितविरुद्ध प्रयोग हुन नदिने घोषित नीतिलाई स्पष्ट रूपमा प्रस्तुत गर्नु आवश्यक छ । त्यसैगरी, नेपालको स्वतन्त्र परराष्ट्र नीतिको मर्म, राष्ट्रिय हित र पारस्परिक सम्मानलाई सबै द्विपक्षीय सम्बन्धमा समानरूपमा कायम राख्नुपर्छ । मित्रराष्ट्रसँगको सम्बन्ध सुदृढ बनाउनु र राष्ट्रिय निर्णयमा स्वायत्तता कायम राख्नु एकअर्काका विरोधी विषय होइनन् । बरु, स्पष्ट राष्ट्रिय प्राथमिकता र विश्वसनीय कूटनीतिक व्यवहारले नै सम्बन्धलाई दिगो बनाउँछ । नेपालले चीनको आर्थिक विकास, औद्योगिक क्षमता र प्रविधिगत प्रगतिबाट लाभ लिन खोज्नु स्वाभाविक हो तर कुनै पनि आर्थिक वा रणनीतिक सहकार्यको मूल्यांकन राष्ट्रिय आवश्यकताका आधारमा हुनुपर्छ ।

राजनीतिक संवाद र सम्झौताको कार्यान्वयन

नेपाल र चीनबीच विभिन्न समयमा भएका सम्झौता तथा सहमतिहरूले द्विपक्षीय सहकार्यको आधार तयार गरेका छन् तर सम्झौतामा हस्ताक्षर गर्नु र त्यसबाट वास्तविक लाभ प्राप्त गर्नु फरक कुरा हुन् । कुनै पनि सम्झौताको सफलता कार्यान्वयनको गति, उपलब्ध स्रोत, संस्थागत क्षमता र समयबद्ध परिणाममा निर्भर हुन्छ । यसैले नेपाल-चीन सम्बन्धमा आगामी दिनको एउटा प्रमुख प्राथमिकता विगतका सम्झौता तथा प्रतिबद्धताको व्यवस्थित समीक्षा हुनुपर्छ । कूटनीतिक सफलताका लागि विश्वसनीय सूचना, विवेकपूर्ण विश्लेषण र प्रभावकारी सञ्चार अनिवार्य हुन्छन् । नेपाल-चीनबीच विगतमा भएका सहमति सम्झौताहरूको कार्यान्वयन प्रभावकारी रूपमा हुन सकेको छैन । त्यसैले तत्काल उपलब्धि हासिल गर्न सकिने काम, मध्यमकालीन सुधार र दीर्घकालीन रणनीतिक परियोजनाबीच स्पष्ट प्राथमिकता निर्धारण गर्न आवश्यक छ ।

उच्चस्तरीय भ्रमणको प्रभावकारिता पनि यही दृष्टिकोणबाट मूल्यांकन गर्नुपर्छ । प्रधानमन्त्री, मन्त्री वा अन्य उच्च अधिकारीहरूको भ्रमण राजनीतिक सम्बन्ध सुदृढ गर्ने महत्त्वपूर्ण अवसर हो तर भ्रमणको वास्तविक उपलब्धि त्यसमा व्यक्त प्रतिबद्धता कार्यान्वयनमा आएपछि मात्र देखिन्छ । हरेक महत्त्वपूर्ण सहमतिसँग जिम्मेवार निकाय, कार्यान्वयनको समयसीमा, आवश्यक स्रोत र प्रगति मापन गर्ने सूचक जोडिनुपर्छ । यसबाट उच्चस्तरीय राजनीतिक समझदारीलाई ठोस आर्थिक तथा सामाजिक उपलब्धिमा रूपान्तरण गर्न सहज हुन्छ ।

असन्तुलित व्यापारमा लुकेको अवसर

नेपाल-चीन आर्थिक सम्बन्धको सबैभन्दा स्पष्ट चुनौती द्विपक्षीय व्यापारमा रहेको असन्तुलन हो । नेपालले चीनबाट करिब दुई अर्ब ३३ करोड अमेरिकी डलर बराबरको वस्तु आयात गर्दा चीनतर्फको निर्यात करिब तीन करोड ९० लाख अमेरिकी डलरमा सीमित रहेको छ । यस तथ्यांकले नेपालको निर्यात क्षमता र चिनियाँ बजारमा पहुँच विस्तार गर्नुपर्ने आवश्यकतालाई स्पष्टरूपमा देखाउँछ ।

नेपालले चीनबाट दूरसञ्चार उपकरण, मेसिनरी, विद्युतीय सामग्री, कपडा, कम्प्युटर, स्याउ, रासायनिक मल, जुत्ता तथा चप्पललगायत विभिन्न वस्तु आयात गर्दै आएको छ । यीमध्ये धेरै वस्तु नेपालको उत्पादन र पूर्वाधार विकासका लागि आवश्यक छन् । त्यसैले व्यापार घाटा घटाउने नाममा आयातलाई पूर्णरूपमा प्रतिस्थापन गर्ने सोच व्यावहारिक हुँदैन । बरु, नेपालले प्रतिस्पर्धात्मक लाभ हासिल गर्न सक्ने वस्तु तथा सेवाको उत्पादन र निर्यात बढाउनु उपयुक्त रणनीति हो । नेपाली गलैँचा, पश्मिना, हस्तकला, चिया, कफी, तयारी पोसाक, जडीबुटीजन्य उत्पादन, प्रशोधित कृषि उपज र मौलिक नेपाली उत्पादनमा चीनको बजारमा प्रवेश गर्ने सम्भावना खोज्न सकिन्छ ।

चीनको विशाल बजारमा प्रवेश गर्न सक्नुमात्र पर्याप्त छैन, त्यहाँ टिकिरहन सक्ने प्रतिस्पर्धात्मक क्षमता पनि चाहिन्छ । नेपाली उत्पादनले चिनियाँ उपभोक्ताको आवश्यकता, मूल्यसम्बन्धी अपेक्षा र गुणस्तरका मापदण्ड पूरा गर्नुपर्छ । नेपालमै गुणस्तर परीक्षण, प्रमाणीकरण र प्राविधिक परीक्षणका सुविधा विस्तार भएमा निर्यातकर्ताको लागत घट्न सक्छ र उत्पादनप्रतिको विश्वास बढ्न सक्छ । नेपाली उत्पादनको चिनियाँ बजारमा प्रवर्द्धन गर्न व्यापार मेला, व्यावसायिक प्रदर्शनी, डिजिटल व्यापारिक मञ्च, व्यवसायीबीच प्रत्यक्ष सम्पर्क र चिनियाँ भाषामा तयार गरिएका व्यावसायिक सामग्री उपयोगी हुन सक्छन् ।

उत्पादन र प्रविधिमा चिनियाँ लगानीको खोजी

चीन विश्व अर्थतन्त्रको प्रमुख शक्ति हो । औद्योगिक उत्पादन, पूर्वाधार निर्माण, ऊर्जा, प्रविधि र अन्तर्राष्ट्रिय लगानीमा चीनको महत्त्वपूर्ण भूमिका छ । नेपालको विकास आवश्यकताका दृष्टिले चिनियाँ लगानीलाई जलविद्युत, पर्यटन, सिमेन्ट, कृषि प्रशोधन, औषधि तथा स्वास्थ्य सेवा, सूचना प्रविधि, औद्योगिक उत्पादन र पूर्वाधार विकासजस्ता क्षेत्रमा आकर्षित गर्न सकिन्छ । नेपालले लगानी आकर्षित गर्दा परियोजनाले सिर्जना गर्ने रोजगारी, स्थानीय उत्पादन, निर्यात सम्भावना, प्रविधि हस्तान्तरण, सीप विकास र वातावरणीय प्रभावलाई प्राथमिकतामा राख्नुपर्छ । विदेशी पुँजीसँगै स्थानीय श्रमिकको क्षमता अभिवृद्धि, नेपाली उद्यमको सहभागिता र उत्पादन प्रणालीको आधुनिकीकरण सुनिश्चित गर्न सकिएमा लगानीको लाभ दीर्घकालीन हुन्छ ।

नेपालमा लगानी गर्दा प्रशासनिक प्रक्रियाको अनिश्चितता, पूर्वाधारको अवस्था, नीतिगत स्थिरता र बजारको आकारजस्ता विषयले प्रभाव पार्न सक्छन् । यी समस्याको समाधानका लागि नेपाल सरकारका सम्बन्धित निकायसँग समन्वय आवश्यक छ । लगानी प्रवर्द्धनमा पारदर्शिता, निष्पक्षता र स्वार्थको द्वन्द्वबाट मुक्त रहने प्रतिबद्धता पनि अनिवार्य छ । पारदर्शी, अनुमानयोग्य र उत्तरदायी वातावरणले नै गुणस्तरीय लगानीलाई प्रोत्साहित गर्छ ।

पारवहन र कनेक्टिभिटी: आर्थिक अवसरमा बदल्ने प्रयास

नेपालको भूपरिवेष्ठित अवस्थिति अन्तर्राष्ट्रिय व्यापारका लागि संरचनागत चुनौती हो । समुद्रसम्म प्रत्यक्ष पहुँच नहुनु, सीमित पारवहन विकल्प, उच्च ढुवानी लागत र सीमा क्षेत्रमा उत्पन्न हुने अवरोधले नेपाली उत्पादनको प्रतिस्पर्धात्मक क्षमता प्रभावित गर्न सक्छन् । त्यसैले उत्तरी सीमाबाट हुने व्यापार तथा पारवहनलाई प्रभावकारी बनाउनु नेपालको दीर्घकालीन आर्थिक हितसँग सम्बन्धित विषय हो ।

नेपाल-चीन पारवहन सम्झौता र त्यससँग सम्बन्धित प्रोटोकलले नेपाललाई चिनियाँ समुद्री तथा स्थल बन्दरगाह प्रयोग गर्ने अवसर प्रदान गरेका छन् । तियानजिन, शेनचेन, लियानयुंगाङ र झानजियाङलगायत समुद्री बन्दरगाह तथा लान्झाउ, ल्हासा र सिगात्सेलगायत स्थल बन्दरगाहको उपयोगमा जोड दिइएको छ । नेपालबाट चिनियाँ बन्दरगाह हुँदै तेस्रो मुलुकमा सामान पठाउँदा लाग्ने समय, लागत, भन्सार प्रक्रिया, ट्रान्सिसपमेन्ट खर्च, बिमा, मालसामानको सुरक्षा र ढुवानीको विश्वसनीयताको विस्तृत अध्ययन आवश्यक हुन्छ । सीमा नाकाको प्रभावकारिता पनि कनेक्टिभिटीको महत्त्वपूर्ण पक्ष हो । केरुङ-काठमाडौं रेलमार्गको सम्भावना नेपालको दीर्घकालीन पूर्वाधार बहसमा महत्त्वपूर्ण विषय हो । रेल सम्पर्क विस्तार हुन सकेमा यात्रु तथा मालसामानको आवागमनमा नयाँ सम्भावना खुल्न सक्छ । पर्याप्त अध्ययन, पारदर्शी वित्तीय व्यवस्था र राष्ट्रिय हितअनुकूल कार्यान्वयनका आधार सुनिश्चित भएपछि मात्र परियोजनालाई चरणबद्ध रूपमा अघि बढाउनु उचित हुन्छ ।

पर्यटन कूटनीतिको अवसर

पर्यटन नेपालको अर्थतन्त्र, रोजगारी र विदेशी मुद्रा आर्जनको महत्त्वपूर्ण आधार हो । हिमाल, प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, धार्मिकस्थल, साहसिक गतिविधि र विविध जीवनशैलीले नेपाललाई अन्तर्राष्ट्रिय पर्यटकका लागि आकर्षक गन्तव्य बनाएका छन् । चीनको विशाल जनसंख्या, विस्तार भइरहेको मध्यमवर्ग र अन्तर्राष्ट्रिय भ्रमणमा रुचि राख्ने पर्यटकको सम्भावनाले नेपालको पर्यटन क्षेत्रमा महत्त्वपूर्ण अवसर सिर्जना गर्न सक्छ । सन् २०२४ मा नेपाल आएका चिनियाँ पर्यटकको संख्या एक लाख एक हजार ८७४ थियो, जबकि सन् २०१९ मा यो संख्या एक लाख ६९ हजार ५४३ पुगेको थियो । यसले चिनियाँ पर्यटकको बजारमा पुनः विस्तार गर्न सकिने सम्भावना देखाउँछ ।

चिनियाँ पर्यटक आकर्षित गर्न नेपालको पर्यटन प्रवर्द्धनलाई लक्षित, आधुनिक र बजारमैत्री बनाउनुपर्छ । चिनियाँ भाषामा पर्यटन सामग्री तयार गर्ने, सामाजिक सञ्जाल तथा डिजिटल माध्यम प्रयोग गर्ने, अनलाइन बुकिङलाई सहज बनाउने र चिनियाँ उपभोक्ताको रुचिअनुसार पर्यटन प्याकेज विकास गर्ने काम महत्त्वपूर्ण हुन्छ । नेपाललाई हिमाल आरोहण र पदयात्राको गन्तव्यका रूपमामात्र प्रस्तुत नगरी सांस्कृतिक पर्यटन, धार्मिक यात्रा, बौद्ध सम्पदा, साहसिक खेल, प्रकृतिमा आधारित भ्रमण, स्वास्थ्य तथा विश्राम पर्यटन र पारिवारिक बिदाका कार्यक्रमलाई पनि प्रवर्द्धन गर्न सकिन्छ । यसबाट पर्यटकको बसाइ अवधि र खर्च दुवै बढाउने सम्भावना रहन्छ । बेइजिङ र काठमाडौंबीच प्रत्यक्ष हवाई सम्पर्कले पर्यटकको आवागमन सहज बनाउनुका साथै व्यापारिक प्रतिनिधिमण्डल, विद्यार्थी, अनुसन्धानकर्ता र व्यवसायीको यात्रालाई पनि प्रोत्साहित गर्न सक्छ ।

विपद् कूटनीति र जलवायु न्याय

नेपाल र चीन दुवै हिमाली भूगोल, जलवायु परिवर्तन र प्राकृतिक विपद्का जोखिमसँग जोडिएका छन् । नेपालमा बाढी, पहिरो, भूकम्प, हिमताल विस्फोट र हिमाली वातावरणमा हुने परिवर्तनले जनजीवन, कृषि, पर्यटन तथा विकास पूर्वाधारमा गम्भीर प्रभाव पार्न सक्छन् । सीमापार नदी प्रणालीमा हुने विपद्को असर कुनै एउटा देशमा सीमित नहुन सक्ने भएकाले दुई देशबीच वैज्ञानिक सूचना आदानप्रदान र समन्वय आवश्यक हुन्छ । भोटेकोशी क्षेत्रमा देखिएको विपद्को चुनौतीले पूर्वसूचना प्रणाली, भूगर्भीय अध्ययन र सीमापार सहयोगको महत्त्वलाई उजागर गरेका छन् ।

यस सन्दर्भमा विपद् कूटनीतिलाई नेपाल-चीन सम्बन्धको प्राथमिक क्षेत्रका रूपमा विकास गर्न सकिन्छ । चीनका आपत्कालीन व्यवस्थापन निकाय, विश्वविद्यालय, अनुसन्धान केन्द्र र प्राविधिक संस्थासँग सहकार्य गरी बाढी तथा पहिरोको जोखिम मूल्यांकन, नदी प्रणालीको निगरानी, भूगर्भीय अध्ययन र पूर्वचेतावनी प्रणाली विकास गर्न सकिन्छ । यसका लागि स्थानीय सरकार, सुरक्षा निकाय, वैज्ञानिक संस्था र समुदायबीच समन्वय हुनुपर्छ । नेपालले चीनसँगको द्विपक्षीय संवाद र बहुपक्षीय मञ्च दुवैमा हिमाली पारिस्थितिक प्रणालीको संरक्षण, जलवायु अनुकूलन, प्रविधि हस्तान्तरण र जलवायु वित्तसम्बन्धी सहयोगलाई प्राथमिकतामा राख्न सक्छ ।

दीर्घकालीन समृद्धिको आधार: शिक्षा, सीप र प्रविधि

आर्थिक विकासका लागि पुँजी, पूर्वाधार र बजार जति आवश्यक छन्, दक्ष जनशक्ति पनि त्यत्तिकै आवश्यक छ । उत्पादन प्रणालीको आधुनिकीकरण, औद्योगिक प्रतिस्पर्धा, प्राविधिक नवप्रवर्तन र रोजगारी विस्तारका लागि शिक्षालाई राष्ट्रिय आवश्यकतासँग जोड्नुपर्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र चिनियाँ शैक्षिक तथा प्राविधिक संस्थाबीच इञ्जिनियरिङ, ऊर्जा, यातायात, कृषि, वन, विपद् विज्ञान, स्वास्थ्य, पर्यटन, डिजिटल प्रविधि र चिनियाँ भाषाजस्ता क्षेत्रमा संयुक्त तालिम, विद्यार्थी आदानप्रदान र छात्रवृत्तिका कार्यक्रम विकासमा सहकार्य विस्तार गर्न सकिन्छ ।

डिजिटल प्रविधि र सूचना प्रविधिको क्षेत्रमा सहकार्य विस्तार गर्दा नेपाली युवाका लागि नयाँ रोजगारी र उद्यमशीलताका अवसर सिर्जना गर्न सकिन्छ । तर, यसका लागि डिजिटल सीप, साइबर सुरक्षा, तथ्यांक संरक्षण र विश्वसनीय नियामकीय वातावरणको विकास आवश्यक हुन्छ । शिक्षा तथा सीप विकासमा लगानीको प्रतिफल दीर्घकालीन हुन्छ । त्यसैले छात्रवृत्ति र तालिम कार्यक्रमको मूल्यांकन सहभागीको संख्याबाट मात्र नगरी उनीहरूले हासिल गरेको सीप, रोजगारीमा भएको प्रवेश र नेपाली उद्योगमा भएको उपयोगका आधारमा गर्नुपर्छ ।

निष्कर्ष

नेपाल-चीन सम्बन्ध नेपालको परराष्ट्र नीतिको महत्त्वपूर्ण आयाम हो । यस सम्बन्धको ऐतिहासिक गहिराइ, भौगोलिक निकटता र आर्थिक सम्भावनाले भविष्यमा सहकार्य विस्तार गर्ने प्रशस्त अवसर प्रदान गर्छन् । ती अवसरलाई उपयोग गर्न स्पष्ट राष्ट्रिय प्राथमिकता, प्रभावकारी कूटनीतिक प्रतिनिधित्व, व्यावसायिक संस्थागत क्षमता र परिणाममुखी कार्यान्वयन आवश्यक हुन्छ । व्यापार असन्तुलन न्यूनीकरण, नेपाली निर्यातको विस्तार, उत्पादनमूलक लगानी, पर्यटन प्रवर्द्धन, पारवहन तथा कनेक्टिभिटी, विपद् व्यवस्थापन, शिक्षा र प्राविधिक सीप विकास यसका प्रमुख पक्ष हुन् । यी विषय नेपालको आर्थिक रूपान्तरण र नागरिकको जीवनस्तर सुधारसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् ।

नेपालले चीनको विशाल अर्थतन्त्र र प्राविधिक क्षमताबाट लाभ लिन खोज्दा राष्ट्रिय सार्वभौमसत्ता, स्वतन्त्र निर्णय क्षमता, आर्थिक स्थायित्व र सन्तुलित परराष्ट्र नीतिलाई सर्वोपरि राख्नुपर्छ । कुनै पनि सहकार्य पारस्परिक लाभ, पारदर्शिता, आर्थिक व्यवहार्यता, कानुनी उत्तरदायित्व र नेपालको दीर्घकालीन विकास लक्ष्य अनुकूल हुनुपर्छ । अन्ततः नेपाल-चीन सम्बन्धको आगामी दिशा राजनीतिक विश्वासलाई आर्थिक अवसरमा, कूटनीतिक संवादलाई विकासको परिणाममा र अन्तर्राष्ट्रिय सहकार्यलाई नेपाली जनताको समृद्धिमा रूपान्तरण गर्ने हुनुपर्छ । राष्ट्रिय स्वाभिमान, पारस्परिक सम्मान र सन्तुलित परराष्ट्र नीतिमा आधारित परिणाममुखी कूटनीतिले मात्र यस सम्बन्धलाई थप विश्वसनीय, दिगो र जनमुखी बनाउन सक्छ । नेपाल-चीन सम्बन्ध नयाँ आयाममा कूटनीति औपचारिक सम्बन्धको माध्यममात्र नभई राष्ट्रिय समृद्धिको प्रभावकारी साधन बन्ने छ । राजनीतिक विश्वासको जगमा आर्थिक सहकार्य, राष्ट्रिय स्वाभिमानको आधारमा सन्तुलित कूटनीति र जनताको हितमा केन्द्रित विकास- यही नै नेपालको चीन नीतिको भावी मार्गचित्र हुनुपर्छ ।

(चीनका लागि नेपालका नवनियुक्त राजदूत डा. शर्मासँग रासस्का आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)



जोखिम मोलेर यात्रा | झापाको हुलाकी राजमार्गअन्तर्गत कनकाई नदीमाथि बाँसका भाटाबाट बनाइएको अस्थायी पुल पार गर्दै मोटरसाइकल चालक। लामो समयदेखि पक्की पुल निर्माण अलपत्र पर्दा स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्। *तस्विर: रासस*

टेण्ट टाँगेर आफ्नै थातथलो फर्किए टिमुरेका बाढीपीडित

रसुवा– गत भदौ १० गते ल्होन्दे खोलामा आएको बाढीका कारण विस्थापित रसुवा-टिमुरेका बाढीपीडित आफ्नै थातथलो फर्किएर अस्थायी टेण्टमा बस्न थालेका छन्।

विस्थापित ६८ घरधुरीमध्येबाट ४८ जना यही मंसिर १ गतेदेखि टिमुरेको खैंदीमा टेण्ट टाँगेर बस्न थालेका हुन्। बाढीपछि केही पीडित कोठा भाडामा लिएर बसेका छन् भने केही काठमाडौंमा बस्न नसकेपछि गाउँ फर्किएका हुन्। स्थानीय कामीनुर्पु तामाङका अनुसार ६८ घरधुरीमध्येबाट ४८ जना गाउँ फर्किएका छन्। आफ्नो जन्मभूमि, परम्परा र रीतिरिवाज जोगाउने उद्देश्यले गाउँ फर्किएको उनले बताए।

सरकारले अस्थायी बसोबासको व्यवस्था कहिलेसम्म गर्ने भन्ने टुंगो नलगाउँदा पीडित अन्योलमा रहेको उनको भनाइ छ। विभिन्न संघसंस्थाले थप टेण्ट र राहत सामग्री उपलब्ध गराउने आश्वासन दिएको उनले जानकारी दिए। बाढीपीडितमध्ये करिब ९० प्रतिशत काठमाडौंमा बस्न नसक्ने अवस्था रहेको उल्लेख गर्दै उनले खेती किसानी र पशुपालन गरेर जीवनयापन गर्ने सोचका साथ गाउँ फर्किएको बताए।



टिमुरेका अर्का स्थानीय पेमादोर्जे घलेका अनुसार यसअघि मुस्ताङ गुम्बामा २०७ पुरुष र २०४ महिला गरी ४११ जना बाढीपीडित आश्रित थिए। तीमध्ये १५१ बालबालिका र ८० जना वृद्धवृद्धा थिए। सरकारले अहिलेसम्म पीडितको अस्थायी बसोबास कहाँ र कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा ठोस निर्णय नगर्दा उनीहरू अन्योलमा परेको उनले बताए। *रासस*

फोहोर बिक्रीबाट व्यास नगरपालिकाले कमायो नौ लाख

दमौली (तनहुँ)– व्यास नगरपालिकाले चालु आर्थिक वर्षको साउनदेखि कात्तिक १९ गतेसम्म फोहोर बिक्री गरेर नौ लाख ४० हजार रूपैयाँ आम्दानी गरेको छ।

नगरपालिकाले कागज, कार्टुन, फलाम, प्लास्टिक तथा सिसाजन्य सामग्री बिक्री गरेर उक्त आम्दानी गरेको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिए। नगरपालिकाले गत आर्थिक वर्ष २०८२/८३ मा फोहोर बिक्रीबाट २७ लाख रूपैयाँ आम्दानी गरेको थियो।

नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा बिक्रीयोग्य फोहोर व्यवस्थापन तथा बिक्रीका लागि बोलपत्र आह्वान गरेको थियो। त्यसअनुसार गत आर्थिक वर्षको मूल्यमा १० प्रतिशत थप गरी तनहुँ स्क्रेप सेण्टर, व्यास-१ लाई फोहोर बिक्रीको जिम्मा दिइएको थियो।

घरबाटै कुहिने र नकुहिने फोहोर छुटचाएर संकलन गर्न थालेपछि व्यवस्थापनमा सहज भएको लम्सालले बताए। नगरपालिकाले कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै गाडीमा संकलन गर्दै आएको छ। बिक्रीयोग्य सामग्री बिक्रीबाट प्राप्त रकमले नगरपालिकाको आन्तरिक आम्दानी बढाउन सहयोग पुगेको छ।

नगरप्रमुख वैकुण्ठ न्यौपानेका अनुसार व्यास नगरपालिका-१३ मा सरसफाइ व्यवस्थापनका लागि जग्गा खरिद गर्न आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित मन्त्रालयमा सिफारिस गरिएको भए पनि निर्णय हुन नसक्दा दीर्घकालीन फोहोरमैला व्यवस्थापनमा समस्या भइरहेको छ। नगरपालिकाले नगरका टोल, वडा र विद्यालयमा पुगेर फोहोर वर्गीकरणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ। *रासस*

डोम समुदायको परम्परागत पेसामा अन्य समुदायको आकर्षण

■ अजयकुमार साह



धनुषा– तराई मधेसका गाउँबस्तीमा बाँसबाट बनेका ढक्की, डालो, नाङ्लो, सुप्पा र अन्य सामग्रीको प्रयोग परापूर्वकालदेखि हुँदै आएको छ। घरायसी कामकाजदेखि धार्मिक तथा सांस्कृतिक गतिविधिसम्म बाँसका सामग्रीको विशेष महत्त्व छ। विशेषगरी छठ, विवाह, ब्रतबन्धलगायत पर्व तथा संस्कारमा बाँसबाट बनेका सामग्रीको प्रयोग अनिवार्यजस्तै मानिन्छ। यस्ता सामग्री बनाउने पेसा भने परम्परागत रूपमा डोम समुदायसँग जोडिँदै आएको छ।

पुस्तौंदेखि बाँसको चोया निकालेर विभिन्न सामग्री बुन्ने काम गर्दै आएका डोम समुदायका लागि यो पेसा जीविकोपार्जनको प्रमुख आधारसमेत हो। तर पछिल्लो समय यो पेसा कुनै एउटा जाति वा समुदायको पहिचानमा मात्र सीमित रहन छाडेको छ। सीप सिकेर घरमै बसेर आम्दानी गर्न सकिने भएपछि अन्य समुदायका मानिससमेत यस पेसातर्फ आकर्षित हुन थालेका छन्।

धनुषाको धनौजी गाउँपालिका-३ स्थित कटैयागाउँ यसको उदाहरण बनेको छ। यहाँ परम्परागतरूपमा डोम समुदायसँग जोडिएको बाँसका सामग्री बनाउने पेसा अहिले विभिन्न जातजाति र समुदायका मानिसले अपनाएका छन्। मुखिया, मण्डल, यादव, चमार, मुस्लिम र साहलगायत समुदायका मानिस बाँसका सामग्री बनाउने काममा संलग्न छन्। उनीहरूका लागि यो पेसा केवल परम्परागत सीपको निरन्तरतामात्र नभई घरपरिवार चलाउने र आर्थिक उपार्जन गर्ने माध्यमसमेत बनेको छ।

स्थानीय निर्धन मुखियाका अनुसार कटैयागाउँमा विभिन्न समुदायका करिब २०० जना बाँसका सामग्री बनाउने काममा संलग्न छन्। उनका अनुसार गाउँमा यो पेसा कुनै एक जाति वा समुदायकोमात्र नभई सबैका लागि आम्दानीको अवसर बनेको छ। 'डोम समुदायलेमात्र बाँसका सामग्री बुन्छन् भन्ने सोच सही होइन। सीप हुनेले जुनसुकै समुदायका मानिसले पनि यो काम गरेर आम्दानी गर्न सक्छन्,' मुखियाले भने। परम्परागतरूपमा डोम समुदायसँग जोडिएको भए पनि बाँसका सामग्री बनाउने सीप कुनै एउटा समुदायकोमात्रै नभएको उनको भनाइ छ।

उनका अनुसार कटैयामा विभिन्न समुदायका मानिसले एकअर्काबाट सीप सिक्दै यो पेसा अपनाएका हुन्। सुरुमा केही परिवारलेमात्र गर्दै आएको काम विस्तारै अन्य परिवारमा पनि फैलिएको छ। बाँसका सामग्री बनाएर बिक्री गर्न सकिने र त्यसका लागि ठूलो लगानी आवश्यक नपर्ने भएकाले पनि स्थानीय बासिन्दा यसप्रति आकर्षित भएका हुन्। बाँसका सामग्री बनाउने काममा संलग्न स्थानीय अरबिन्दकुमार साह पनि यो पेसालाई जातीय पहिचानसँग जोडेर हेर्न नहुने बताउँछन्। उनी लामो समयदेखि बाँसको चोयाबाट ढक्कीलगायत सामग्री बनाउँदै आएका छन्। उनका अनुसार कटैयामा डोम समुदायको तुलनामा अन्य समुदायका मानिससमेत उल्लेख्य संख्यामा यस पेसामा संलग्न छन्।

साहका अनुसार कुनै पनि काम सानो वा ठूलो हुँदैन। 'त्यसै बसिरहँदा कसैले दुई रूपैयाँ दिँदैन। जुनसुकै काम भए पनि लाज मान्नु हुँदैन। काम गरेर खानुपर्छ,' उनले भने। उनका अनुसार बाँसका सामग्री बनाएर दैनिक करिब एक हजार रूपैयाँसम्म आम्दानी हुने गरेको छ। कामको मात्रा, सामग्रीको प्रकार र बजारको मागअनुसार आम्दानीमा फरक पर्ने भए पनि यस पेसाबाट घरखर्च चलाउन सहयोग पुगेको उनले बताए।

पर्वसँगै बढ्छ बजारको माग

कटैयागाउँमा बाँसका सामग्री बनाउनेहरूको व्यस्तता यतिबेला झनै बढेको छ। छठपर्वमा पूजाका लागि आवश्यक ढक्की, डालो, नाङ्लो, सुप्पालगायत सामग्रीको माग हुने हुँदा स्थानीयलाई सामग्री तयार पार्न भ्याइनभ्याइ भएको थियो। बाँसबाट बनेका सामग्रीलाई पवित्र र परम्परागत मानिने भएकाले सूर्यदेव र छठी माताको पूजा आराधनाका क्रममा बाँसबाट बनेका सामग्रीको प्रयोग गरिन्छ। पूजा सामग्री राख्नेदेखि प्रसाद र फलफूल सजाउनेसम्मका काममा ढक्की, डालो र सुप्पाको प्रयोग हुने गर्छ।

कटैयाका बासिन्दाको यो पेसा छठपर्वमा मात्र सीमित छैन। वर्षभरि बजारको मागअनुसार विभिन्न प्रकारका सामग्री उत्पादन गर्ने गरिएको छ। घरायसी प्रयोजनका लागि प्रयोग हुने ढक्की, डालो, नाङ्लो र अन्य सामग्रीको माग नियमित रहने गरेको स्थानीय बताउँछन्। पर्व विशेषमा बिक्री बढ्ने भए पनि अन्य समयमा पनि यस पेसाबाट आम्दानी हुने गरेको छ। उत्पादित सामग्री बिक्री गर्न स्थानीयलाई टाढाको बजारसम्म पुग्नुपर्ने बाध्यता पनि कम छ। व्यापारीहरू सामग्री खरिद गर्न गाउँमै आउने गरेका छन्। यसले उत्पादकलाई बजार खोज्न र ढुवानीमा लाग्ने अतिरिक्त खर्च कम गर्न सहयोग पुगेको छ। गाउँमै बसेर उत्पादन गर्ने र व्यापारीमार्फत बिक्री गर्ने भएकाले धेरै परिवारले यसलाई नियमित आम्दानीको स्रोत बनाएका छन्।

घरमै रोजगारी र आम्दानीको आधार

बाँसका सामग्री बनाउने काममा ठूलो उद्योग, आधुनिक मेसिन वा धेरै जनशक्ति आवश्यक पर्दैन। सामान्य औजार, बाँस र सीप भए घरमै बसेर यो काम गर्न सकिन्छ। परिवारका सदस्यले आफ्नो अनुकूल समयमा काम गर्न सक्ने भएकाले पनि ग्रामीण क्षेत्रका लागि यो पेसा उपयोगी बनेको छ। वैदेशिक रोजगारी वा अन्य व्यवसायमा जान नसक्ने तथा गाउँमै बसेर केही गर्न चाहनेका लागि बाँसका सामग्री उत्पादनले आयआर्जनको अवसर दिएको छ।

यस पेसामा संलग्न परिवारले आफ्नो अनुभव र सीपका आधारमा विभिन्न आकार तथा प्रकारका सामग्री बनाउने गरेका छन्। बजारको मागअनुसार सामग्रीको आकार, बनावट र गुणस्तरमा ध्यान दिनुपर्ने हुन्छ। ग्राहकको आवश्यकता बुझेर सामग्री तयार पार्न सके बिक्री सहज हुने स्थानीयको अनुभव छ। यस पेसालाई थप व्यवस्थित बनाउन बाँसको सहज उपलब्धता, उचित मूल्य, उत्पादनको गुणस्तर र बजार विस्तारमा ध्यान दिनुपर्ने देखिन्छ। परम्परागत सीपलाई आधुनिक बजारको आवश्यकतासँग जोड्न सके यसबाट अझ राम्रो आम्दानी लिन सकिने सम्भावना छ। स्थानीयस्तरमै सीप विकास, उत्पादन विविधीकरण र बजारीकरणमा सहयोग पुऱ्याउन सके बाँसका सामग्री बनाउने पेसा ग्रामीण अर्थतन्त्रको महत्त्वपूर्ण आधार बन्नसक्छ।

सीपको सम्मान र सामाजिक परिवर्तनको सन्देश

कटैया गाउँमा विभिन्न समुदायका मानिस एउटै पेसामा आबद्ध हुनुले सामाजिक दृष्टिले पनि सकारात्मक सन्देश दिएको छ। परम्परागत रूपमा कुनै निश्चित जाति वा समुदायसँग जोडिएका पेसा अन्य समुदायले पनि अपनाउन थालेपछि पेसाप्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन आउन थालेको देखिन्छ। समाजमा लामो समयदेखि जात र समुदायका आधारमा पेसाको पहिचान गर्ने प्रवृत्ति रहँदै आएको छ। कतिपय पेसालाई निश्चित समुदायको कामका रूपमा हेर्ने सामाजिक सोच अझै पनि कायम छ तर कटैयाका बासिन्दाले सीप र श्रमलाई प्राथमिकता दिँदै यस्तो सोच परिवर्तन गर्न खोजेका छन्।

युएइमा रोजगार कम्पनी : AL DIQAH WA AL INJAZ BLDG CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०८/०१ | LT. No. 350499 | चलानी नं. ६०१६३४६२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaner Male	5	0	1000	८०,६८७		८ घण्टा	६ दिन		छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर ११ गते (27th Nov. 2026) मा हुनेछ।

स्वदेशमा बसेरै अनलाइन मार्फत अन्तर्वार्ता दिने सुविधा	रोजगार कम्पनीले मेडिकल गर्ने / नगर्ने	स्वदेशमा बसेरै भिसा प्रक्रिया अगाडि बढाउने	रोजगारका लागि हुने/नहुने	हवाई टिकट गन्तव्य मुलुकसम्म	भिसा शुल्क	सामाजिक सुरक्षा योजना	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अभिमुखीकरण शुल्क	भिसा स्टाम्पिङ शुल्क
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवेदनको सम्पर्क ठेगाना र फोन नम्बरहरु सामग्री राख्नुहोला। ३) यस विज्ञापन अनुसार पदको सम्पर्क गर्न सकिने हुन्छ। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) कामका विदेश जाँदा नेपालमै एजेन्सीले प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा पर्न सक्ने कुनै पनि गैरकानूनी कार्य वैदेशिक रोजगार विभाग तोहोराउनमा सम्पर्क गर्नुहोला।

SYNERGY HUMAN RESOURCE PVT. LTD.
Tokha-5, Basundhara, Kathmandu, Nepal. Tel:+977-1-4976489
Contact no. 9802378725, 9802378726, 9802378727
E-mail: info@synergyhr.co, Web: www.synergyhr.co

भत्ता इजाजत नं. २०७६/०८९/८२

साउदी/युएइमा रोजगार कम्पनी : AWAL AL FURSAN TRADING EST | सेवा शुल्क : १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०८/०१ | LT. No. 350537 | चलानी नं. ६०१६३५५४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	LABOR LOADING AND UNLOADING	1	0	1000	३९,७३०		८ घण्टा	६ दिन		छ		२ वर्ष

कम्पनी : EQUATOR ELECTROMECHANICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८३/०८/०१ | LT. No. 350536 | चलानी नं. ६०१६३५५३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	BRICKLAYER	3	0	1500	६१,०३०							
2	Brick Mason	4	0	1500	६१,०३०							
3	BLDG STEEL FIXER	5	0	1500	६१,०३०							
4	Mason (Stone/Block/Tiles)	3	0	1500	६१,०३०							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ मंसिर १० गते (26th Nov. 2026) मा हुनेछ।

स्वदेशमा बसेरै अनलाइन मार्फत अन्तर्वार्ता दिने सुविधा	रोजगार कम्पनीले मेडिकल गर्ने / नगर्ने	स्वदेशमा बसेरै भिसा प्रक्रिया अगाडि बढाउने	रोजगारका लागि हुने/नहुने	हवाई टिकट गन्तव्य मुलुकसम्म	भिसा शुल्क	सामाजिक सुरक्षा योजना	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अभिमुखीकरण शुल्क	भिसा स्टाम्पिङ शुल्क
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५२ - कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	कामदारले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवेदनको सम्पर्क ठेगाना र फोन नम्बरहरु सामग्री राख्नुहोला। ३) यस विज्ञापन अनुसार पदको सम्पर्क गर्न सकिने हुन्छ। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) कामका विदेश जाँदा नेपालमै एजेन्सीले प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा पर्न सक्ने कुनै पनि गैरकानूनी कार्य वैदेशिक रोजगार विभाग तोहोराउनमा सम्पर्क गर्नुहोला।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha
9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np

Govt. License 1399/074/75

जगरनाथपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८३/०८/०३

यस कार्यालयबाट मिति २०८३/०६/०२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम देहायका कार्य गर्नको लागि रित पूर्वक दर्ता हुन आएको बोल पत्रहरु मध्ये तपसिल बमोजिमको बोल पत्रहरु सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृतको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) बमोजिम स्वीकृतको आशयको सुचना सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपशिल

सि. न.	ठेक्का नं.	कार्यको बिवरण	कबोल अंङ्क (पि.एस. सहित र मू.अ.कर बाहेक)	सारभूत रुपमा प्रभावग्राही फर्मको नाम, ठेगाना
1	01/JRM/NCB/ WORKS/2083-2084	Bipana tatha Simakrit Samuday ko lagi Namuna Awas Karyakaram	1,15,44,379.86	Arnav Nirman Sewa Birganj 14, Parsa
2	02/JRM/NCB/ GOODS/2083-2084	Procurement Fabrication Steel Parts and Transportation Upto roads heads Of Oriya Khola Suspension Bridge.	44,05,693.65	Gaurav Nepal Engineering Pvt.Ltd Bharatpur-12, Chitwan.

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक

रूपशाला

कलाकार बोगटी पक्राउ

कलाकार सर्विन (छत्र) बोगटी पक्राउ परेका छन् । भक्तपुरको सूर्यविनायकबाट उनलाई मंगलबार पक्राउ गरिएको हो । वैयक्तिक गोपनियता सम्बन्धि कसुरमा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक दानबहादुर थापाले बताए । बोगटीलाई नियन्त्रणमा लिएर सात दिन म्याद थप गरी अनुसन्धान भइरहेको भइरहेको छ । कालिकोट स्थायी घर भएका उनी परिवारसहित लामोसमयदेखि भक्तपुरको सूर्यविनायकमा बस्दै आएका छन् । गायक तथा संगीतकारको रूपमा समेत चिनिएका उनी जनसांस्कृतिककर्मी समेत रहेको बताइन्छ । केही दिन अघि उनले गृहमन्त्री सुधन गुरूङको आमा दाबी गर्ने महिलाको भिडियो सामाजिक सञ्जालमा राखेका थिए ।



बिहीबार, ०३ मंसिर २०८३ (Thursday, 19 November 2026)

'बलिउड छोडेकोमा पछुतो छैन'

नेपाली फिल्ममा कोरियोग्राफीमा सक्रिय कोरियोग्राफर विक्रम स्वाँरको कोरियोग्राफी यात्रा सामान्य छैन । अछाम पुर्ख्यौली घर भएका विक्रमको जन्म र बाल्यकाल भारतको राजस्थानस्थित हनुमानगढमा बित्यो । हिरो बन्न सन् १९९९ मा मुम्बई पुगेका उनले त्यहाँ नृत्य सिके, विभिन्न डान्स ग्रुपमा काम गरे र बलिउडका ठूला फिल्ममा ब्याकग्राउन्ड डान्सरका रूपमा करिब १४ वर्ष बिताए । बलिउडका कोरियोग्राफर गणेश आचार्यको टिममा आठ वर्ष काम गरेका विक्रमले सन् २००८ मा कमनवेल्थ गेम्समा असिस्टेन्ट कोरियोग्राफरका रूपमा समेत काम गर्ने अवसर पाए । पछि नेपाल आएर 'लैजाउ घुमाउन मलाई ठमेल बजार', 'साइँली', 'मिस्टर झोले', 'दयारानी'लगायतका फिल्म तथा गीतमा काम गर्दै उनले नेपाली फिल्म उद्योगमा आफ्नो छुट्टै पहिचान बनाए । 'मायालु तिमी कता छौ', 'ए है मायालु', 'सम्झिने पानी छम्किने' र 'फूल फूलेको बन भयो' जस्ता गीतले उनलाई दर्शकमाझ थप परिचित गराए । उनै कोरियोग्राफर विक्रम स्वाँरसँग उनको जीवन, संघर्ष, बलिउड अनुभव र नेपाली फिल्म उद्योगका विषयमा **प्रभात दैनिकका लागि गरिएको कुराकानीको सारसंक्षेप:-**



आफ्नो बाल्यकाल र पारिवारिक पृष्ठभूमिलाई कसरी सम्झनुहुन्छ ?

– मेरो पुर्ख्यौली घर नेपालको अछाम हो । तर मेरो जन्म भारतको राजस्थानस्थित हनुमानगढमा भयो । मेरो बाल्यकाल, पढाइ र हुर्काइ सबै त्यहीं भयो । म सानैदेखि फिल्म हेर्न निकै रुचाउँथें । मलाई लाग्छ, मेरो अभिभावक नै फिल्म थिए । किनभने मेरो बाल्यकाल हिरो र भिलेनका कथा हेर्दै बित्यो । फिल्म हेर्दाहेर्दै कलाकार बन्ने सपना पलाएको हो । म हुर्किएको समाज नृत्य र मनोरञ्जनका लागि त्यति खुला थिएन । एउटा केटा र केटीबीच सामान्य कुराकानी हुँदा पनि कुरा काट्ने चलन थियो । नाचगानलाई त राम्रो दृष्टिले हेरिँदैनथ्यो । कक्षा १० मा पढ्दासम्म म नृत्यबारे अनविज्ञ नै थिएँ । एकपटक कक्षामा पढ्ने साथीको विवाहमा नाच्नुपर्ने भएपछि लाजले आँखा चिम्लेर नाचें । त्यो नै जीवनको पहिलो नृत्य थियो ।

कलाकार बन्ने सपना कसरी पलायो?

– मभित्र कलाकार बन्ने इच्छा पहिलेदेखि नै थियो । मुम्बईमा बन्टी तामाङ नामका नेपाली कास्टिङ निर्देशक हुनुहुन्थ्यो । उहाँले 'स्टान्स' नामको कास्टिङ हाउस सञ्चालन गर्नुहुन्थ्यो । उहाँले मलाई डान्स, हर्स राइडिङ र एक्टिङ सिक्न सुझाव दिनुभयो । त्यसपछि मैले अभिनय र नृत्य दुवै क्षेत्रमा आफूलाई तयार गर्न थालें । मैले केही दक्षिण भारतीय फिल्म र चर्चित टेलिफिल्म 'तारक मेहताका उल्टा चश्मा'मा पनि अभिनय गर्ने अवसर पाएँ ।

सन् १९९९ मा मुम्बई पुग्दाको संघर्ष कस्तो थियो?

– मुम्बई पुगेपछि आफैं नृत्य सिक्न थालें । राति होटलमा काम गर्थें र दिउँसो विभिन्न इभेन्टमा नाच्थें । त्यतिबेला कम्पनीहरूले आफ्नो प्रोडक्ट लन्च, अवार्ड शो तथा अन्य कार्यक्रमका लागि डान्स ग्रुप बोलाउँथे । म भारतको फोक डान्स ग्रुपको सदस्यका रूपमा जम्मा सय रूपैयाँ पारिश्रमिकमा काम गर्थें । भारतमा नागा डान्स, बाँस बजार डान्सलगायत विभिन्न लोकनृत्यका प्रस्तुति हुन्थे । त्यही वातावरणबाट मैले नृत्यको सुरुवात गरें । त्यो संघर्षले मलाई धेरै कुरा सिकाएको छ ।

कमनवेल्थ गेम्सको काम कस्तो रह्यो ?

सन् २००८ मा भारतको पुणेमा भएको कमनवेल्थ गेम्समा मैले असिस्टेन्ट कोरियोग्राफरका रूपमा काम गर्ने अवसर पाएँ । त्यहाँ सन्तोष शेट्टीको नेतृत्वमा रहेको डान्स ग्रुपले प्रस्तुति दिएको थियो । त्यही प्रस्तुतिपछि म सन्तोष शेट्टीको टिमसँग जोडिएँ । डान्सबाट राम्रो आम्दानी हुन थालेपछि होटलको जागिर छोडें । त्यही क्रममा ग्रुपकै एक महिला साथीसँग प्रेम बस्यो र विवाह भयो । उहाँ फिल्म उद्योगसँग सम्बन्धित हुनुहुन्थ्यो । भारतमा फिल्ममा काम गर्न सिने डान्स एसोसिएसनको सदस्यता अनिवार्यजस्तै थियो ।सन् २००८ मै मैले सिने डान्स एसोसिएसनको सदस्यता लिएँ ।

बलिउडमा तपाईंको यात्रा कसरी अघि बढ्यो ?

– एसोसिएसनको सदस्यता लिएपछि बलिउडमा काम गर्ने बाटो केही सहज भयो । मैले विभिन्न फिल्ममा ब्याकग्राउन्ड डान्सर तथा कोरस डान्सरका रूपमा काम गर्न थालें । मैले बलिउडमा सानो बजेटदेखि ठूला बजेटसम्मका फिल्ममा करिब १४ वर्ष बिताएँ ।

कोरियोग्राफर गणेश आचार्यको टिममा मैले आठ वर्ष काम गरें । त्यो मेरो व्यावसायिक जीवनको महत्वपूर्ण अनुभव थियो । बलिउडको काम गर्ने शैली, अनुशासन, समय व्यवस्थापन र ठूलो टिमसँग काम गर्ने तरिका त्यहींबाट सिकें । मेरो पछिल्लो फिल्म 'हाउसफुल ४' थियो । त्यसपछि हरियाणाको सिरसामा तीन महिनाको समर क्याम्प पनि सञ्चालन गरें । त्यसपछि अब नेपाल फर्किएर आफ्नै देशको फिल्म उद्योगमा केही गर्ने सोच बनाएँ ।

नेपाल फर्किने निर्णय किन गर्नुभयो?

– म मेरी आमाका कारण नेपाल फर्किने निर्णय गरें । भारतमा काम गर्दा आमालाई विभिन्न फिल्म र गीतमा काम गरेको कुरा सुनाउँथें । 'यो फिल्ममा छु, यो गीतमा छु' भनेर देखाउँथें । एकपटक आमाले भन्नुभयो, 'तँ यसमा छु, उसमा छु भन्छस् । तर मैले त तँलाई चिन्दै चिन्दिनँ । बरु नेपाली फिल्ममा खेलेको भए म हेर्न सक्थें होला ।'

आमाको त्यो कुराले मलाई निकै छोयो । मैले भारतमा धेरै वर्ष काम गरें, तर आफ्नै देशका दर्शकले मलाई चिन्न पाएका थिएनन् । त्यसपछि नेपाल आएर नेपाली फिल्म उद्योगमा केही गर्ने निर्णय गरें ।

नेपाल आउँदा तपाईंको योजना के थियो?

– म काठमाडौं आउँदा 'टिकट टु कलिउड' नामको डान्स रियालिटी शोको योजना बनाएर आएको थिएँ । कोरियोग्राफर गणेश आचार्यलगायत अन्य चर्चित कोरियोग्राफरका अन्तर्वार्ता र बाइट लिएर आएको थिएँ । त्यसमा डीआईडीका जजहरूको समेत सहभागिता थियो ।

मलाई लागेको थियो, भारतमा जस्तै यहाँ पनि कुनै टेलिभिजन च्यानललाई आइडिया प्रस्तुत गरेपछि शो निर्माण गर्न सकिन्छ । तर नेपाल आएपछि यहाँको काम गर्ने शैली फरक रहेछ भन्ने थाहा पाएँ ।

नेपाल र भारतको मनोरञ्जन उद्योगबीच के फरक पाउनुभयो ?

– भारतमा तपाईले कुनै नयाँ आइडिया लिएर प्रोडक्सन हाउस वा टेलिभिजन च्यानलमा जानुभयो र उनीहरूलाई त्यो आइडिया मन पऱ्यो भने उनीहरूले शो खरिद गर्न सक्छन् । उनीहरूसँग आफ्नै जनशक्ति, प्राविधिक सामग्री र प्रोडक्सन टिम हुन्छ ।

तर नेपालमा मैले बुझ्दा आफैंले प्रोडक्सन गर्नुपर्ने र त्यसपछि टेलिभिजनको समय किन्नुपर्ने रहेछ । म काठमाडौं आएपछि यहाँका विभिन्न टेलिभिजनमा मिटिङ गर्न गएँ । तर तत्कालीन अवस्थामा मेरो योजनाले अपेक्षित रूप लिन सकेन । झन्डै आठ महिनासम्म संघर्ष गरें । गोजी खर्च पनि सकिन थालेपछि काम खोज्न थालें ।

नेपाली फिल्ममा अवसर कसरी मिल्यो ?

– त्यो बेला अल्मोडा राणा उप्रेतीको गीत 'पानी पर्यो असिना झर्यो'को म्युजिक भिडियो निर्देशन गर्ने अवसर पाएँ । फिल्म निर्माता माधव दाइलाई मेरो काम मन परेको रहेछ । उहाँले आफ्नो नयाँ फिल्ममा कोरियोग्राफी गर्ने अवसर दिन्छु भन्नुभयो । त्यसपछि म फेरि मुम्बई गएँ । त्यही समयमा माधव दाइ पनि मुम्बई आउनुभयो । मैले उहाँलाई मुम्बई घुमाएँ । उहाँ काठमाडौं फर्किएपछि मलाई 'लुट २' फिल्मको 'लैजाउ घुमाउन मलाई ठमेल बजार' गीतको जिम्मेवारी दिनुभयो । त्यो गीत मेरो करियरको अर्को महत्वपूर्ण मोड बन्यो । गीत रिलिज भएपछि मैले एकैपटक आठवटा गीतमा काम गर्ने अवसर पाएँ ।

'ठमेल बजार' गीतले तपाईंको करियरमा कस्तो परिवर्तन ल्यायो ?

– त्यो गीतले मलाई नेपाली फिल्म उद्योगमा एउटा पहिचान दियो । त्यसपछि कामको प्रस्ताव लगातार आउन थाले । म यति व्यस्त भएँ कि पोखरामा सुटिङ सकेर राति नै ट्याक्सीमा काठमाडौं फर्किन्थें र भोलिपल्ट बिहान अर्को गीतको सुटिङ सुरु गर्थें ।

अहिलेसम्म कति फिल्म र म्युजिक भिडियोमा काम गर्नुभएको छ?

– मैले अहिलेसम्म झन्डै ४० वटा म्युजिक भिडियो निर्देशन गरेको छु । त्यस्तै, करिब ४० वटा फिल्ममा कोरियोग्राफी गरिसकेको छु । सुरुवाती दिनमा 'साइँली', 'रज्जा रानी', 'हुर्रे', 'मिस्टर झोले', 'दयारानी', 'अनुराग'लगायतका फिल्ममा काम गरें । त्यसपछि विभिन्न गीत र फिल्ममा निरन्तर काम गर्ने अवसर पाएँ । लकडाउनको समयमा पनि मैले कोरियोग्राफी तथा निर्देशन गरेका केही गीतले दर्शकमाझ राम्रो चर्चा पाए । 'मायालु तिमी कता छौ', 'ए है माया', 'कुरा काट्ने मान्छेले काटुन्', 'माया गरौला', 'सम्झिने पानी छम्किने' र 'फूल फूलेको बन भयो' त्यसमध्येका हुन् ।

अब योजना के छ त ?

– मेरो अबको मुख्य सपना फिल्म निर्देशन गर्ने हो । म कोरियोग्राफीलाई पनि निरन्तरता दिन चाहन्छु, तर अब आफूले सिकेका अनुभव र कथा भन्ने क्षमतालाई फिल्ममार्फत प्रस्तुत गर्न मन छ । मलाई लाग्छ, एउटा कोरियोग्राफरले गीतको माध्यमबाट कथा भन्न सिकेको हुन्छ । अब त्यही अनुभवलाई पूरै फिल्ममा प्रयोग गर्ने इच्छा छ । रोमान्टिक, एक्सन, सामाजिक वा डान्समा आधारित जुनसुकै विधाको फिल्म भए पनि म निर्देशन गर्न चाहन्छु । मेरो लागि फिल्मको विधाभन्दा पनि त्यसको कथा र प्रस्तुति महत्वपूर्ण हुन्छ ।

६० दिनमै सकाउने गरी 'मोहनी' को छायांकन सुरू

काठमाडौं (प्रस)– एक्सन लभ स्टोरी विधामा निर्माण हुने फिल्म 'मोहनी'को छायांकन मंगलवारदेखि चितवनबाट सुरु भएको छ ।

विजय ब्लोन तामाङको निर्माण तथा गोविन्द सिंह भण्डारीको निर्देशनमा बन्न लागेको यो फिल्म एक्सन र प्रेमकथामा आधारित हुनेछ ।

मोभिरा इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुने फिल्मको छायांकन ६० दिनसम्म चल्ने निर्माता विजयले जानकारी दिए । उनका अनुसार चितवनबाट सुरु भएको छायाङ्कन मुस्ताङ, मुक्तिनाथ, पोखरा र काठमाडौंलगायतका रमणीय स्थानमा गरिनेछ ।

'कथाको मागअनुसार नै हामीले कलाकार छनोट गरेर फिल्मको छायाङ्कन मंगलबारदेखि सुरु गरेका छौं । दर्शकसम्म एउटा राम्रो फिल्म पुऱ्याउने लक्ष्यका साथ काम गरिरहेका छौं', विजयले भने । चलचित्रमा आशीर्वाद क्षेत्री, सनिशा भट्टराई, सरोज खनाल, निमा पाण्डे, विजय ब्लोन, देवकुमार श्रेष्ठ, रञ्जना भट्टराई, रिस्ता अधिकारी, कर्मा लामा,



सुरक्षा इटनी, उत्पल झालगायतका कलाकारको अभिनय रहनेछ ।

चलचित्रको कथा विजय ब्लोन तामाङले लेखेका हुन् भने पटकथा तथा संवाद सामीप्यराज तिमल्सेनाको रहेको छ । फिल्मका निर्माता पनि विजय नै हुन् ।

फिल्ममा महेश पौडेलको छायाङ्कन, सम्राट बस्नेतको द्वन्द्व निर्देशन तथा विक्रम स्वार र किरण थापाको नृत्य निर्देशन रहनेछ । फिल्ममा मुख्य सहायक निर्देशकमा तारानाथ न्यौपाने र प्रोडक्सन म्यानेजरमा तेजबिक्रम केसी छन् ।

रंगशाला

एनपिएल क्रिकेट

चितवन क्वालिफायर २ मा

फाइनल प्रवेशका लागि सुदूरपश्चिमसँग भिड्ने, बाहिरियो काठमाडौं



■ प्रभाव संवाददाता

काठमाडौं– चितवन राइनोज्ले काठमाडौं गोर्खाज्लाई विशाल रन अन्तरले पराजित गर्दै फाइनल प्रवेशका लागि सुदूरपश्चिम रोयल्ससँगको भेट पक्का गरेको छ ।

बुधबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सम्पन्न इलिमिनेटरमा चितवनले काठमाडौंलाई ६१ रनले पराजित गर्दै आज (बिहीबार) हुने दोस्रो क्वालिफायरमा प्रवेश गरेको हो ।

लिगचरणमा तेस्रो स्थानमा रहेको काठमाडौंविरुद्ध चितवनले ब्याटिङ र बलिङमा शानदार प्रदर्शन गर्न सफल रह्यो । पहिले ब्याटिङ गरेको चितवनले २० ओभरमा ४ विकेट गुमाएर २०४ रन बनाउँदै काठमाडौंलाई २०५ रनको लक्ष्य प्रस्तुत गरेको थियो ।

काठमाडौंले उक्त रन पछ्याउने क्रममा २० ओभरमा ९ विकेटको क्षतिमा १४३ रनमात्र बनाउन सफल भएपछि चितवनले दोस्रो क्वालिफायरमा सुदूरपश्चिमसँगको भेट पक्का गरेको हो । चितवनको जितमा रिजन ढकालले चार ओभरमा १६ रन खर्चिदै सर्वाधिक चार विकेट लिए । त्यस्तै उसमना मिरले तीन विकेट हासिल गरे । यसैगरी सलाहुद्धिन खान र कुशल मल्लको नाममा समान एक विकेट रह्यो ।

काठमाडौंका लागि विलियम बसिस्टोले २८ बलमा तीन चौका र दुई छक्कासहित सर्वाधिक ३७ रनको योगदान गरे । त्यस्तै भिम शार्की ३० रनमा अविजित रहँदा सहान अराच्चिगेले २४ र रसिद खानले १२ रन जोडे । सन्तोगष यादव १० रनमा पवेलियम फर्किए ।

त्यसअघि ओपनर कमिल मिशरा र कप्तान रवी भोपाराले तेस्रो विकेटका लागि १५४ रनको साझेदारी गरेपछि चितवनले काठमाडौंलाई २०५ रनको विशल लक्ष्य प्रस्तुत गरेको छ । टस जितेर ब्याटिङमा उत्रिएको चितवनका लागि भोपाराले ४२ बलमा तीन चौका र दुई छक्कासहित ५३ रनको पारी खेले । मिशरा १२० रनमा अविजित रहे । मिशरा, एनपिएल इतिहासमै व्यक्तिगत उच्च स्कोर बनाउने खेलाडी बने । यसअघि यो कीर्तिमान कर्णाली याक्सका बलिङ अलराउन्डर मार्क वाटको नाममा थियो । उनले दोस्रो सिजन लुम्बिनी लायन्सविरुद्ध अविजित ११४ रनको पारी खेलेका थिए ।

मिशराले ५९ बलमा पाँच चौका र १० छक्कासहित विशाल पारी खेलेका हुन् । मिशराले ३२ बलमा अर्धशतक प्रहार गरेका थिए । २१ बलमा उनले थप ५० रन जोडे ।

चितवनले पावरप्लेमा ओपनर देव खनाल र तेस्रो नम्बरमा आएका डेविड मलानलाई गुमाएको थियो । करण केसीको बलमा रसिद खानबाट क्याच हुनुअघि देवले १५ बलमा दुई चौका र एक छक्कासहित १७ रन बनाए । करणले चौथो ओभरको दोस्रो बलमा लगातार दोस्रो विकेट लिए । मलान गोल्डेन डक भए । उनी विलियम बसिस्टोबाट क्याच भए । त्यसपछि क्रिजमा भोपारा र मिशराको साझेदारी भएको हो ।

भोपाराले ४१ बलमा ५० रन पूरा गरेका थिए । लगत्तैका बलमा उनलाई रसिद खानले बोल्ड गरिदिए । त्यसपछि क्रिजमा आएका विवेककुमार यादवले दुई चौका प्रहार गरे । तेस्रो बलमा उनी सोनु देवकोटाबाट क्याच भए ।

अत: समग्रमा रसिद र कप्तान करणको नाममा समान दुई विकेट रह्यो ।

राजारानीमा भेट्रान फुटबल हुने

■ प्रभाव संवाददाता

धनकुटा – धनकुटाको चौबिसे गाउँपालिका-राजारानीमा चौथो 'स्व. ज्ञानबहादुर तथा बुद्धिमाया लिम्बू स्मृति अन्तर्राष्ट्रिय हाम्रो राजारानी भेट्रान फुटबल प्रतियोगिता-२०८३' आयोजना हुने भएको छ । हाम्रो राजारानी भेट्रान फुटबल क्लबको आयोजनामा हुने प्रतियोगितामा नेपाल, भारत र बेलायतका गरी ८ वटा भेट्रान फुटबल टोली सहभागी हुनेछन् ।

प्रतियोगिताको विजेता टोलीले नगद १ लाख ३५ हजार रूपैयाँसहित ट्रफी प्राप्त गर्नेछ भने उपविजेता टोलीले ७१ हजार १११ रूपैयाँ प्राप्त गर्नेछ ।

आयोजकले सार्वजनिक गरेको खेल तालिकाअनुसार मंसिर ५ गते प्रतियोगिताको उद्घाटन हुनेछ । उद्घाटन खेलमा दिउँसो १२ बजे आयोजक हाम्रो राजारानी भेट्रान एफसी र सतिसाले भेट्रान एफसी केरावारी, मोरङबीच प्रतिस्पर्धा हुनेछ । सोही दिन दिउँसो २:३० बजे हाम्रो इटहरी भेट्रान एफसी, सुनसरी र धरान सिटी भेट्रान एफसीबीच दोस्रो खेल हुनेछ ।

त्यस्तै, मंसिर ६ गते दिउँसो १२ बजे बेलायतको यूके भेट्रान एफसी र मोरङको एभरेस्ट भेट्रानबीच प्रतिस्पर्धा हुनेछ । सोही दिन दिउँसो २:३० बजे भारतको सिक्किमस्थित जेभीसी सिङ्ताम भेट्रान एफसी र झापाको दुधे भेट्रान क्लबबीच खेल हुनेछ ।

प्रतियोगिताको सेमिफाइनल खेल मंसिर ७ गते र फाइनल खेल मंसिर ८ गते आयोजना हुनेछ ।

राजारानी क्षेत्रमा भेट्रान फुटबलको विकास तथा खेलकुद गतिविधिलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना हुन लागेको यस प्रतियोगितामा भारत र बेलायतका टोलीसमेत सहभागी हुने भएपछि प्रतियोगितालाई अन्तर्राष्ट्रिय स्वरूप दिइएको छ ।

प्रतियोगिताको मुख्य प्रायोजक गोरखा स्टुडियो रहेको छ भने चौबिसे गाउँपालिका संरक्षक रहेको छ । त्यस्तै, बजार व्यवस्थापन समिति राजारानी सहप्रायोजक तथा चौबिसे गाउँपालिकाका वडा कार्यालयहरू सहयोगी संस्थाका रूपमा रहेका छन् ।

दशौं राष्ट्रिय खेलकुदका लागि कोशीबाट क्रिकेटका ४८ खेलाडी छनोट

पथरी (प्रस)– कर्णाली प्रदेशको सुर्खेतमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि कोशी प्रदेशबाट क्रिकेटतर्फ महिला तथा पुरुष गरी ४८ खेलाडी पहिलो चरणमा छनोट भएका छन् । छनोट हुनेमा मोरङ जिल्लाका मात्रै १९ जना खेलाडी छन् ।

कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयअन्तर्गतको प्रदेश खेलकुद विकास बोर्डले सार्वजनिक गरेको खेलाडी सूचीअनुसार महिला क्रिकेटतर्फ २२ जना र पुरुष क्रिकेटतर्फ २६ जना छनोट भएका हुन् ।

मोरङबाट महिला टोलीतर्फ निशा शाह, खुसी राजवंशी, सुजना राजवंशी, वन्दना राजवंशी, फूलकुमारी राजवंशी, निरु राजवंशी, कृतिशा घामी, समीक्षा राई, टिका शाह, प्रिन्सा राना मगर र पूर्णिमा राजवंशी छनोट भएका छन् ।

त्यसैगरी पुरुष टोलीतर्फ मोरङका दिपेश कँडेल, प्रतीक पोखरेल, पिर्दर्शन अन्सारी, साकिब हक, प्रेम कामत, महबुब बाबु इराकी, श्रवण किस्कु र कृतिक कामत छनोट भएका छन् । यसरी महिला र पुरुष दुवैतर्फ गरी मोरङका १९ खेलाडी पहिलो चरणको छनोटमा पर्न सफल भएका छन् ।

मोरङका खेलाडीहरूको उल्लेख्य सहभागिताले जिल्लाको क्रिकेट खेल विकास र राष्ट्रियस्तरमा प्रतिनिधित्वको सम्भावनालाई थप उत्साहित बनाएको छ ।

ट्रम्पसँगको भेटअघि सी–पुटिन वार्ता



सेन्जेन (चीन)– अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग हुने भनिएको ऐतिहासिक त्रिपक्षीय शिखर सम्मेलनको पूर्वसन्ध्यामा चिनियाँ राष्ट्रपति सी चिनफिङ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच बुधबार चीनको सेन्जेनमा उच्चस्तरीय वार्ता भएको छ ।

बिहीबार हुने सम्मेलनमा विश्व सुरक्षा, आणविक निःशस्त्रीकरण र प्रमुख शक्तिबीचको सम्बन्धबारे छलफल हुने अपेक्षा गरिएको छ । युक्रेन युद्धको विषय भने छलफलमा समावेश हुने वा नहुने स्पष्ट भइसकेको छैन । एपेक बैठकलाई सम्बोधन गर्दै पुटिनले बढ्दो सैन्य तथा राजनीतिक जोखिमका बेला विभाजनभन्दा एकता र अल्टिमेटमभन्दा संवाद आवश्यक रहेको बताए । उनले रुसमाथि लगाइएका पश्चिमी प्रतिबन्धले आफ्नो देशको आर्थिक विकास रोक्न नसकेको दावी पनि गरे ।

चिनियाँ राष्ट्रपति सीले कृत्रिम बौद्धिकता (एआई) र स्वतन्त्र व्यापारमा अन्तर्राष्ट्रिय सहकार्य बढाउनुपर्ने बताएका थिए । सी र पुटिनबीच ऊर्जा, वित्तीय सहकार्य तथा युक्रेन र उत्तर कोरियासम्बन्धी विषयमा पनि छलफल हुने रुसी अधिकारीहरूले जनाएका छन् । यसैबीच, ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ उनसँग पनि चीनमा भेटवार्ता गर्ने इच्छा व्यक्त गरेका छन् । तर अमेरिकी विदेशमन्त्री मार्को रुबियोले त्यस्तो भेटको पुष्टि गरेका छैनन् ।

ट्रम्पले फिलिपिन्समा क्वाड समूहका अस्ट्रेलिया, जापान र भारतका नेताहरूसँग पनि भेट गरेका थिए । यसैक्रममा आसियान सम्मेलनमा सहभागी करिब दुई हजार प्रदर्शनकारीले अमेरिकी नीतिको विरोध गरेका थिए । अमेरिकी व्यापार नीतिप्रति असन्तुष्टि जनाउँदै चिनियाँ प्रधानमन्त्री ली छ्याङ, ब्राजिलका राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भा र क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले व्यापारिक निर्भरता घटाउनुपर्ने धारणा राखेका थिए ।

यसैबीच, ट्रम्पले १० महिनाभित्र दुर्लभ खनिज उत्पादनमा अमेरिकाले चीनलाई उछिन्ने दाबी गरेका छन् । वासिङ्टनले सिंगापुर, मलेसिया, थाइल्याण्ड र इण्डोनेसियामा उन्नत एआई चिप्स निर्यात गर्न विशेष अनुमति लिनुपर्ने नयाँ नियम पनि सार्वजनिक गरेको छ । सिंगापुरले भने आफ्ना कम्पनीलाई विश्वसनीयरूपमा चिप्स उपलब्ध गराउने उपाय खोजिरहेको जनाएको छ । *रासस/एएफपी*

पेल्टोलाको जितसँगै सिनेटमा डेमोक्रेटको बहुमत



एन्कोरेज (अलास्का)– अलास्कामा रिपब्लिकन उम्मेदवारलाई पराजित गर्दै डेमोक्रेटिक उम्मेदवार मेरी पेल्टोलाले अमेरिकी सिनेटमा महत्त्वपूर्ण जित हासिल गरेकी छन् । उनको जितसँगै सिनेटमा डेमोक्रेटिक पार्टीले ५६-४४ को बहुमत प्राप्त गरेको छ ।

दुई कार्यकालका रिपब्लिकन सिनेटर डान एस सुलिभानलाई पराजित गरेकी पेल्टोलाको विजयलाई परम्परागतरूपमा रिपब्लिकनको प्रभाव रहेको अलास्कामा डेमोक्रेटिक पार्टीको महत्त्वपूर्ण सफलताका रूपमा हेरिएको छ । पूर्वराज्य विधायक पेल्टोलाले सन् २०२२ मा अमेरिकी कंग्रेसमा निर्वाचित हुने पहिलो अलास्का मूल निवासी बनेर इतिहास रचेकी थिइन् । उनले तत्कालीन रिपब्लिकन सांसद डन यङको निधनपछि रिक्त भएको प्रतिनिधिसभा सदस्य पदको विशेष निर्वाचन जितेकी थिइन् ।

विजयपछि भिडियो सन्देश जारी गर्दै पेल्टोलाले अलास्कावासीले परिवर्तनका पक्षमा मतदान गरेको बताइन् । भ्रष्टाचार र कर्पोरेट स्वार्थविरुद्ध लड्ने, दैनिक उपभोग्य वस्तु तथा इन्धनको मूल्य घटाउने र नयाँ आवास निर्माणलाई प्राथमिकता दिने उनले प्रतिबद्धता व्यक्त गरिन् । आगामी छ वर्ष अलास्काका सबै क्षेत्रका नागरिकसँग सहकार्य गर्दै राज्यको हितमा काम गर्ने उनको भनाइ थियो । यसैबीच, सिनेटमा डेमोक्रेटिक पार्टीका नेता चक शुमरले पेल्टोलाको विजयलाई ऐतिहासिक उपलब्धि बताएका छन् । उनले अलास्कावासीका प्रमुख सरोकारका विषय माछा, परिवार र स्वतन्त्रतालाई केन्द्रमा राखेर पेल्टोलाले प्रभावकारी चुनावी अभियान सञ्चालन गरेको उल्लेख गरिन् ।

शुमरले केही महिनाअघिसम्म डेमोक्रेटिक पार्टीले ५६ सिट जित्ने सम्भावना नरहेको बताउँदै महँगी, भ्रष्टाचार र राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको राजनीतिक अराजकतालाई चुनावी अभियानको मुख्य मुद्दा बनाउँदा सफलता मिलेको उल्लेख गरिन् ।

उनले डेमोक्रेटिक पार्टीले अब महँगी घटाउने र अमेरिकी जनताको जीवनस्तर सुधार गर्ने विधेयक पारित गर्न प्राथमिकता दिने बताइन् । ५६ सिटसहित स्थायी बहुमत निर्माण गर्ने अवसर प्राप्त भएको उल्लेख गर्दै उनले राष्ट्रपति ट्रम्पले त्यस्ता विधेयकमा भिटो लगाए पनि पार्टी आफ्नो अभियानबाट पछि नहट्ने बताइन् । *रासस/एएनआई*

खुला व्यापारमा एसियाली नेताहरूको जोड



सेन्जेन (चीन)– चीनका राष्ट्रपति सी चिनफिङसहित एसिया-प्रशान्त क्षेत्रका नेताहरूले खुला व्यापार, निष्पक्ष प्रतिस्पर्धा र समावेशी विकासलाई प्राथमिकता दिन आग्रह गरेका छन् । उनीहरूले व्यापार तथा लगानीका अवरोध घटाउँदै क्षेत्रीय सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिएका हुन् ।

सेन्जेनमा आयोजित एपेक व्यवसायी सम्मेलनमा राष्ट्रपति सीले चीनले बजार पहुँच विस्तार र भन्सार शुल्क घटाउँदै व्यापारसम्बन्धी नियममा सुधार गर्ने बताए । उनले अन्तर्राष्ट्रिय व्यापारमा स्थिरता र सहकार्य आवश्यक रहेको उल्लेख गरे ।

अमेरिका र चीनबीच भन्सार शुल्क तथा उन्नत प्रविधिको पहुँचलाई लिएर मतभेद कायम रहेका बेला सीले खुला व्यापारको पक्षमा धारणा राखेका हुन् । यसैबीच, क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले चीनसँग पारस्परिक कर घटाउने सहमति गरेका छन् । मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले ठूला अर्थतन्त्रले साना देशमाथि आफ्ना नीति थोपर्न नहुने बताएका छन् ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले प्रतिबन्ध, शुल्क र निर्यात नियन्त्रणको प्रभावकारितामाथि प्रश्न उठाउँदै एसिया-प्रशान्त क्षेत्रसँग आर्थिक सम्बन्ध विस्तार रुसको प्राथमिकता रहेको बताए । रुसले सन् २०३५ मा एपेकको अध्यक्षता गर्ने प्रस्तावसमेत गरेको छ ।

एपेकका २१ सदस्यले विश्वको ६० प्रतिशत आर्थिक गतिविधि र आधा व्यापार हिस्सा ओगट्छन् । बिहीबार हुने नेताहरूको बैठकमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, पुटिन र सीबीच त्रिपक्षीय भेटवार्ता हुने अपेक्षा गरिएको छ । *रासस/एपी*

ट्रम्पसँग जापानी प्रधानमन्त्रीको भेटवार्ता

टोकियो– अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ र रुसी राष्ट्रपतिसँग त्रिपक्षीय शिखर सम्मेलन गर्ने तयारी गरिरहेका बेला जापानी प्रधानमन्त्री साने ताकाइचीले उनीसँग भेटवार्ता गरेकी छन् । जापानको विदेश मन्त्रालयका अनुसार दुवै नेताबीच मंगलबार फिलिपिन्सको मनिलामा आयोजित रात्रिभोजका क्रममा कुराकानी भएको हो ।

फिलिपिन्सका राष्ट्रपति फर्डिनाण्ड मार्कोसले आयोजना गरेको रात्रिभोजमा भएको भेटमा दुवै नेताले इण्डो-प्यासिफिक क्षेत्रका विषयमा निकट सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेको जापानी विदेश मन्त्रालयका एक अधिकारीले बताएका छन् । प्रधानमन्त्री ताकाइची बुधबार एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनमा सहभागी हुन चीनको सेन्जेन गएकी छन् । प्रधानमन्त्री बनेपछि उनको यो पहिलो चीन भ्रमण हो ।

ताइवानसम्बन्धी उनको अभिव्यक्तिपछि चीनसँगको पछिल्लो परिस्थितिका कारण चिनियाँ राष्ट्रपति सी चिनफिङसँग औपचारिक भेटवार्ता हुनेबारे भने अन्योल रहेको बताइएको छ । यद्यपि, सञ्चारमाध्यमका अनुसार उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग छोटो भेट गर्न सक्ने सम्भावना छ । रुसी विदेश मन्त्रालयका एक अधिकारीले भने त्यस्तो भेटबारे कुनै निर्णय नभएको बताएका छन् । जासुसीको आरोपमा रुसमा एक जापानी पत्रकार पक्राउ पर्नुका साथै जापान टोबाकोसँग सम्बन्धित सम्पत्ति जफत भएपछि पछिल्ला साताहरूमा जापान-रुस सम्बन्धमा तनाव बढेको छ ।

यसैबीच, सी, ट्रम्प र पुटिनबीच बिहीबार त्रिपक्षीय शिखर सम्मेलन हुने कार्यक्रम छ । जापानी सरकारका मुख्य प्रवक्ता मिनोरु किहाराले अमेरिका-चीन, चीन-रुस तथा अमेरिका-चीन-रुस सम्बन्धलाई जापानले नजिकबाट नियालिरहेको बताएका छन् । उनले जापानको राष्ट्रिय हित र अन्तर्राष्ट्रिय शान्ति तथा स्थिरताका लागि अमेरिका-जापान गठबन्धन बलियो हुनु आवश्यक रहेको उल्लेख गरे ।

चीनले आफ्नो भूभाग मान्दै आएको ताइवानको अवस्थाबारे प्रधानमन्त्री ताकाइचीले गत वर्ष नोभेम्बरमा जापानको सम्भावित भूमिकाबारे धारणा व्यक्त गरेकी थिइन् । उक्त अभिव्यक्तिपछि चीनले आफ्नो चासो व्यक्त गरेको थियो । *रासस/एएफपी*

इजरायली संसद्को अध्यक्षमा विपक्षी उम्मेदवार निर्वाचित

जेरुसेलम– इजरायलको संसद् नेसेटको अध्यक्षमा प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुको दलका उम्मेदवारलाई पराजित गर्दै विपक्षी गठबन्धनका मतन काहाना निर्वाचित भएका छन् । यसलाई नेतान्याहुको राजनीतिक प्रभाव कमजोर पार्ने विपक्षी प्रयासको महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ ।

मंगलबार भएको मतदानमा १२० सदस्यीय संसद्का ६६ सांसदले पूर्वसैनिक प्रमुख गदी आइसेनकोटका सहयोगी काहानाको पक्षमा मत दिएका थिए । नेतान्याहुको लिकुड पार्टीका उम्मेदवार ओफिर काट्जले ५२ मत प्राप्त गरे ।

आइसेनकोट र नेतान्याहु दुवैले गत अक्टोबर २७ को निर्वाचनमा बहुमत ल्याउन नसकेपछि संसद्मा शक्ति सन्तुलन कायम हुन सकेको थिएन । आइसेनकोटको गठबन्धनले ४८ र नेतान्याहुको गठबन्धनले ५३ सिट जितेका थिए । अरब समुदायको बाहुल्य रहेका दुई दलले १९ सिट प्राप्त गरेका थिए । ती दलको समर्थनले काहानाको विजय सम्भव भएको हो ।

संसद्को अध्यक्षले बैठकको कार्यसूची र समय निर्धारण गर्नुका साथै कानुनमाथिको छलफल तथा मतदानलाई प्रभावित पार्न सक्ने भएकाले यो पद महत्त्वपूर्ण मानिन्छ । काहानाले नेतान्याहुको न्यायिक सुधार योजना खारेज गर्ने आइसेनकोटको प्रतिबद्धतालाई अघि बढाउन सक्ने अपेक्षा गरिएको छ । आइसेनकोटले सन् २०२३ अक्टोबर ७ मा हमासको आक्रमणअघि भएका सुरक्षा कमजोरीबारे स्वतन्त्र छानबिन आयोग गठन गर्ने बताएका छन् । नेतान्याहुले भने त्यस्तो आयोग गठन गर्न अस्वीकार गर्दै आएका छन् ।

नेतान्याहु र आइसेनकोटबीच एकता सरकार गठनबारे छलफल भए पनि दुवैले प्रधानमन्त्री पदमा आफ्नो दावी नछाडेकाले सहमति हुन सकेको छैन । काहानाले अध्यक्ष निर्वाचित भएपछि सबै नागरिकको प्रतिनिधित्व गर्ने प्रतिबद्धता जनाएका छन् । *रासस/एएफपी*

युएइमा रोजगार — कम्पनी : ABDHULLAH AL- DHUWAIAN TRADING FARM
पूर्व स्वीकृति मिति :२०८३/०८/०२ | LT. No.350273 | चलानी नं.६०२६३५५८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Agricultural Worker	1	0	1000	३८,७३०	कम्पनि अनुसार	८ घण्टा	६ दिन	कम्पनि अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति : २०८३ मंसिर १० गते (26th Nov. 2026) मा हुनेछ ।

रहदेखा बरिले पि मेडिकल गर्न लगाउने र राखि लाने	रोजगार कम्पनिले मेडिकल गर्न दिने / लाँदिने	रहदेखा बरिले बिमा गर्न लगाउने	रोजगारमा बिमा हुने/नहुने र गराउने व्यहोर्ने	हवाई टिकट गराउने दिने र राखि लाने	भिषा शुल्क गराउने दिने र राखि लाने	सामाजिक सुरक्षा कोष गराउने दिने र राखि लाने	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क राखि लाने र गराउने व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क गराउने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५१८ - कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकका रहेको नेपाली दूतावासि रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधना राख्नुहोला । आफू छाँटिनुभन्दा पहाँ सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन नपुगेमा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचलमा सम्पर्क गर्नुहोला ।

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

कुवेतमा रोजगार — कम्पनी : INGA BEAUTY SALON AND SPA
पूर्व स्वीकृति मिति : २०८२/०४/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०२ | LT. No. 327534 | चलानी नं. ६०२४४३७१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Beautician (F)	0	6	150	७१,९३७	कम्पनि अनुसार	८ घण्टा	६ दिन	कम्पनि अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति : २०८३ मंसिर १० गते (26th Nov. 2026) मा हुनेछ ।

रहदेखा बरिले पि मेडिकल गर्न लगाउने र राखि लाने	रोजगार कम्पनिले मेडिकल गर्न दिने / लाँदिने	रहदेखा बरिले बिमा गर्न लगाउने	रोजगारमा बिमा हुने/नहुने र गराउने व्यहोर्ने	हवाई टिकट गराउने दिने र राखि लाने	भिषा शुल्क गराउने दिने र राखि लाने	सामाजिक सुरक्षा कोष गराउने दिने र राखि लाने	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क राखि लाने र गराउने व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क गराउने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५१६ - कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नामबा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकका रहेको नेपाली दूतावासि रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधना राख्नुहोला । आफू छाँटिनुभन्दा पहाँ सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन नपुगेमा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचलमा सम्पर्क गर्नुहोला ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

कुवेतमा रोजगार — कम्पनी : COSTA DEL SOL HOTEL
पूर्व स्वीकृति मिति : २०८२/०५/०२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०८/०२ | LT. No. 329538 | चलानी नं. ६०२४३३७५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Waiter/waitress	2	2	115	५५,१२८	श्रम ऐन अनुसार	८ घण्टा	६ दिन	श्रम ऐन अनुसार	छ		२ वर्ष
2.	Steward	2	0	110	५२,७३२							
3.	Housekeeping Workers	2	2	100	४७,९३८							
4.	Heavy Driver	1	0	200	९५,८७५							
5.	Electrician Helper	1	0	110	५२,७३२							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति : २०८३ मंसिर १० गते (26th Nov. 2026) मा हुनेछ ।

रहदेखा बरिले पि मेडिकल गर्न लगाउने र राखि लाने	रोजगार कम्पनिले मेडिकल गर्न दिने / लाँदिने	रहदेखा बरिले बिमा गर्न लगाउने	रोजगारमा बिमा हुने/नहुने र गराउने व्यहोर्ने	हवाई टिकट गराउने दिने र राखि लाने	भिषा शुल्क गराउने दिने र राखि लाने	सामाजिक सुरक्षा कोष गराउने दिने र राखि लाने	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क राखि लाने र गराउने व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क गराउने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५१६ - कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नामबा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकका रहेको नेपाली दूतावासि रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधना राख्नुहोला । आफू छाँटिनुभन्दा पहाँ सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन नपुगेमा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचलमा सम्पर्क गर्नुहोला ।

Green Star Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

युएइमा रोजगार — कम्पनी : Al Dar Al Qadim Building Maintenance
पूर्व स्वीकृति मिति : २०८२/०३/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०२ | LT. No. 326566 | चलानी नं. ६०२४०८५९

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Brick Layer	1	0	1000	८०,६८७	श्रम ऐन अनुसार	८ घण्टा	६ दिन	श्रम ऐन अनुसार	छ		२ वर्ष
2	Cleaners (Famale)	0	9	1000	८०,६८७							
3	Receptionist	0	1	1500	६१,०३०							
4	Office Secretary	0	1	2500	१,०१,७५८							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति : २०८३ मंसिर १० गते (26th Nov. 2026) मा हुनेछ ।

रहदेखा बरिले पि मेडिकल गर्न लगाउने र राखि लाने	रोजगार कम्पनिले मेडिकल गर्न दिने / लाँदिने	रहदेखा बरिले बिमा गर्न लगाउने	रोजगारमा बिमा हुने/नहुने र गराउने व्यहोर्ने	हवाई टिकट गराउने दिने र राखि लाने	भिषा शुल्क गराउने दिने र राखि लाने	सामाजिक सुरक्षा कोष गराउने दिने र राखि लाने	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क राखि लाने र गराउने व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क गराउने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५१६ - कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नामबा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकका रहेको नेपाली दूतावासि रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधना राख्नुहोला । आफू छाँटिनुभन्दा पहाँ सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन नपुगेमा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचलमा सम्पर्क गर्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

मलेसियामा रोजगार — कम्पनी : N9 Security Services Sdn.bhd. — Address : Uptown Avenue
पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०८/०२ | LT. No. 333654 | चलानी नं. ६०२४७३८३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Security	71	0	1700	६१,७८४	कम्पनि अनुसार	८ घण्टा	६ दिन	कम्पनि अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति : २०८३ मंसिर १० गते (26th Nov. 2026) मा हुनेछ ।

रहदेखा बरिले पि मेडिकल गर्न लगाउने र राखि लाने	रोजगार कम्पनिले मेडिकल गर्न दिने / लाँदिने	रहदेखा बरिले बिमा गर्न लगाउने	रोजगारमा बिमा हुने/नहुने र गराउने व्यहोर्ने	हवाई टिकट गराउने दिने र राखि लाने	भिषा शुल्क गराउने दिने र राखि लाने	सामाजिक सुरक्षा कोष गराउने दिने र राखि लाने	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क राखि लाने र गराउने व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क गराउने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५१६ - कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नामबा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकका रहेको नेपाली दूतावासि रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधना राख्नुहोला । आफू छाँटिनुभन्दा पहाँ सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन नपुगेमा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचलमा सम्पर्क गर्नुहोला ।

SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com

मलेसियामा रोजगार — कम्पनी : IKHTISAS MAJU ENTERPRISE
पूर्व स्वीकृति मिति : २०८३/०६/१७ | LT. No. 349848 | चलानी नं. ६०२६२९९७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaners/Helper/Laundry Worker	20	0	1700	६१,५७५	कम्पनि अनुसार	८ घण्टा	६ दिन	कम

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला –	प्रति तोला –	प्रति तोला –
२,६०,९००	०	३,३८०



पर्यटकीय छिन्दी ताल | मनाङको डिस्याङको सब्जेमा अवस्थित छिन्दी ताल अवलोकन गर्न आएका आन्तरिक तथा वाह्य पर्टकटक । यस तालबाट देखिने अन्नपूर्ण दोस्रो हिमाल र पानीमा देखिने हिमालको छायाँ नै आकर्षक बनेको छ । *तस्विर: नवीन लामिछाने/रासस*

‘टेलिफोन पहुँचबाट वञ्चित हुनुपर्ने अवस्थाको चाँडै अन्त्य हुन्छ’

■ प्रभाव संवाददाता

काठमाडौं– सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले देशका कुनै पनि नागरिकलाई टेलिफोन तथा इन्टरनेट सेवाको पहुँचबाट वञ्चित हुन नदिन सरकार प्रतिबद्ध रहेको बताएका छन् । सिन्धुपाल्चोकको जुगल गाउँपालिकाका बस्ती तथा जुगल हिमाल र आधार शिविर क्षेत्रमा सञ्चार सेवा विस्तारको मागसहित सञ्चारमन्त्री डा. तिमिल्सिनालाई भेटेको स्थानीय युवाहरूसँगको छलफलमा उनले मानव बस्ती भएका सबै स्थानमा दूरसञ्चार सेवा पुऱ्याउन सम्बन्धित निकायलाई निर्देशन दिइरहेको बताए ।

मन्त्रालयमा भएको उक्त छलफलमा काठमाडौं क्षेत्र नं १० का प्रतिनिधिसभा सदस्य प्रदीप विष्ट, नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) तथा जुगलका स्थानीय युवाहरू सहभागी थिए । सांसद विष्टले काठमाडौं उपत्यकाभित्रै टेलिफोन तथा इन्टरनेट सेवाको गुणस्तर प्रभावकारी नरहेको गुनासो आइरहेको उल्लेख गर्दै सिन्धुपाल्चोकका विभिन्न क्षेत्रमा नागरिक अझै सञ्चार सेवाबाट वञ्चित हुनुपरेको बताए । उनले विशेषगरी दुर्गम तथा हिमाली क्षेत्रमा सञ्चार सेवाको पहुँच र गुणस्तर सुधार गर्न आवश्यक पहल गर्न आग्रह गरे ।

उक्त अवसरमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले दूरसञ्चार सेवाको पहुँच र गुणस्तरसम्बन्धी समस्या देशभर रहेको उल्लेख गर्दै त्यसको समाधानका लागि उपलब्ध स्रोत साधनको अधिकतम प्रयोगसँगै नयाँ खरिद प्रक्रिया पनि अघि बढाइएको बताए । देशभर दूरसञ्चार सेवाको पहुँच तथा गुणस्तर सुधार्न



आगामी करिब डेढ वर्षभित्र देशभर नेपाल टेलिकमका थप एक हजार ६०० हाराहारी टेलिफोन टावर निर्माण गर्ने प्रक्रिया अघि बढाइएको छ । करिब रु १२ अर्ब बराबरको ठेक्का प्रक्रिया अगाडि बढेको र निर्धारित अवधिभित्रै निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

■ **डा. विक्रम तिमिल्सिना**
मन्त्री, सूचना तथा सञ्चार

ग्रामीण दूरसञ्चार विकास कोषको रकमसमेत परिचालन भइरहेको उनले जानकारी दिए ।

सञ्चारमन्त्री डा. तिमिल्सिनाका अनुसार आगामी करिब डेढ वर्षभित्र देशभर नेपाल टेलिकमका थप एक हजार ६०० हाराहारी टेलिफोन टावर निर्माण गर्ने प्रक्रिया अघि बढाइएको छ । करिब रु १२ अर्ब बराबरको ठेक्का प्रक्रिया अगाडि बढेको र निर्धारित अवधिभित्रै निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको उनले बताए । दूरसञ्चार पूर्वाधार विस्तारमा बजेटको अभावभन्दा पनि व्यावहारिक तथा प्रक्रियागत जटिलता र निर्धारित समयमा टावर निर्माण सम्पन्न हुन नसक्ने समस्या देखिएको सञ्चारमन्त्री तिमिल्सिनाको भनाइ थियो ।

अहिलेको समयमा पनि नागरिक सञ्चार सेवाको पहुँचबाट वञ्चित हुनु गम्भीर विषय भएको उनले बताए । ‘जहाँबाट गुनासो आएको छ, त्यहाँ तत्काल समस्या समाधान हुनुपर्‍यो । टावर थप्ने, क्षमता बढाउनेलगायत जे काम गरेर समस्या समाधान हुन्छ तत्काल गर्नुहोला,’ नेपाल टेलिकमलाई निर्देशन दिँदै उनले भने ।

विद्युत् सुविधा नपुगेका स्थानमा उच्च क्षमताका सौर्य ऊर्जा प्रणाली तथा ब्याट्रीको व्यवस्था गरी टावर सञ्चालन गर्न सञ्चारमन्त्री डा. तिमिल्सिनाले निर्देशन दिए । त्यस्तै, सञ्चालनमा रहेका टावरले आफ्नो अधिकतम क्षमताअनुसार सेवा दिइरहेका छन् वा छैनन् भन्ने विषयमा नियमित निरीक्षण गर्न र समस्या देखिएका स्थानमा तत्काल क्षमता अभिवृद्धि गर्न टेलिकमलाई निर्देशन दिइएको छ ।

छलफलमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक पहाडीले जुगल गाउँपालिकामा तत्काल प्राविधिक टोली पठाएर सञ्चार सेवाको अवस्थाबारे स्थलगत अध्ययन गरिने बताइन् । टेलिफोन तथा इन्टरनेट सेवामा समस्या आउनुका प्राविधिक कारण पहिचान गरी आवश्यक सुधारका काम अघि बढाइने उनको भनाइ थियो । टावर निर्माण तथा सेवा विस्तारका क्रममा स्थानीयस्तरबाट समेत सहयोगको अपेक्षा गरिएको उनले बताइन् ।

यसैबीच, जुगल गाउँपालिकाका युवाहरूले जुगल हिमाल, जुगल भ्यु पोइन्ट तथा आधार शिविर क्षेत्रमा सञ्चार सेवा विस्तार गर्न र गाउँपालिकाका विभिन्न बस्तीमा गुणस्तरीय फोरजी सेवा सुनिश्चित गर्न डा तिमिल्सिनाको ध्यानाकर्षण गराएका छन् । गाउँपालिकाले ‘जुगल भ्रमण वर्ष २०८३’ सञ्चालन गरिरहेको सन्दर्भमा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढ्दै गए पनि सञ्चार सुविधाको अभाव चुनौतीका रूपमा रहेको उनीहरूले बताएका छन् ।

मन्त्री श्रेष्ठ र विश्व बैंक नेपाल प्रमुखबीच भेट

■ प्रभाव संवाददाता

काठमाडौं – ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले नेपालको ऊर्जामा आधारित अर्थतन्त्र निर्माणका लागि विश्व बैंकसँग सहकार्य थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् ।

विश्व बैंकका नेपाल प्रमुख डेभिड सिस्लेनसँग मन्त्रालयमा भएको भेटवार्तामा उनीहरूबीच विपद् उत्थानशील ऊर्जा पूर्वाधार, जलविद्युत् क्षेत्रको वित्तीय दिगोपन, प्रसारण तथा वितरण प्रणालीको विस्तार र नेपालको ऊर्जा क्षेत्रको दीर्घकालीन आर्थिक तथा सञ्चालनगत स्थायित्वलाई आगामी सहकार्यका प्राथमिकताका रूपमा अघि बढाउने समझदारी भएको छ । यसअघि मन्त्री श्रेष्ठले ऊर्जा पूर्वाधारको उत्थानशीलता, जलविद्युत् आयोजनाको वित्तीय दिगोपन, प्रसारण तथा वितरण प्रणालीको सुदृढीकरण र दीर्घकालीन ऊर्जा सुरक्षाका विषयलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने बताएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ ।

उनले जलविद्युत् आयोजना, प्रसारण लाइन तथा वितरण प्रणालीलाई सम्भावित विपद्बाट सुरक्षित राख्न जोखिममा आधारित पूर्वाधार योजना, संस्थागत समन्वय र प्रभावकारी पूर्वतयारी आवश्यक रहेको बताए । मन्त्री श्रेष्ठले बहुप्रकोपीय पूर्वसूचना प्रणाली, जल तथा मौसमसम्बन्धी अनुगमन संयन्त्र, जलवायु जोखिम मूल्यांकन र विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंल्याए ।

उनीहरूबीच नेपालको आगामी विद्युत् माग, औद्योगिक विकास, आन्तरिक खपत र क्षेत्रीय विद्युत् व्यापारलाई ध्यानमा राखेर दीर्घकालीन विद्युत् उत्पादन योजना बनाउनुपर्ने विषयमा पनि छलफल भएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ । त्यस अवसरमा मन्त्री श्रेष्ठले प्रसारण तथा वितरण पूर्वाधारमा लगानी विस्तार गरी ग्रिडका अवरोध हटाउने, विद्युत् प्रसारण तथा निकासी क्षमता बढाउने र समग्र विद्युत् प्रणालीको विश्वसनीयता अभिवृद्धि गर्नुपर्ने बताए ।

इँटा उद्योग रूपान्तरण गर्न कार्बन वित्त जुटाइँदै

काठमाडौं – नेपालको परम्परागत इँटा उद्योगलाई आधुनिक तथा वातावरणमैत्री बनाउने उद्देश्यले छ करोड अमेरिकी डलर (करिब रु नौ अर्ब) बराबरको कार्बन वित्त परिचालन गर्ने योजना अघि बढाइएको छ ।

दिवाकर गोल्छा अर्गनाइजेसनअन्तर्गतको हुलास इको ब्रिक्स र जलवायु प्रविधि विकास गर्ने कम्पनी इनोसिएसआरको सहकार्यमा यो कार्यक्रम अघि बढाउन लागिएको हो । दिवाकर गोल्छा अर्गनाइजेसनका निर्देशक हितेश गोल्छाका अनुसार यस योजनाअन्तर्गत आगामी तीन वर्षभित्र मुलुकभरका ३०० वटा आधुनिक इँटा उत्पादन केन्द्र स्थापना गर्ने लक्ष्य राखिएको छ । ‘यस योजनाअन्तर्गत ३०० इँटा उद्योगलाई करिब दुई लाख अमेरिकी डलर मूल्य पर्ने मेसिन उपलब्ध गराइनेछ, साथै १० वर्षपछि उक्त मेसिनको स्वामित्व सम्बन्धित उद्योगीलाई हस्तान्तरण गर्ने गरिनेछ’, उनले भने । यो योजना हाल सञ्चालनमा रहेका इँटा उद्योगलाई विस्थापित गर्ने नभइ उनीहरूलाई निःशुल्क रूपमा नयाँ प्रविधि उपलब्ध गराउनका लागि ल्याइएको हो । योजनाले हाल सञ्चालित इँटा उद्योगहरूलाई सहज रूपमा नयाँ प्रविधिमा जाने अवसर उपलब्ध गराउने निर्देशक गोल्छाको भनाइ छ ।

साथै यस योजनामा जोडिएको इनोसिएसआर नेपालका प्रबन्ध निर्देशक पंकज पाण्डेका अनुसार यस योजनाका लागि अन्तरराष्ट्रिय कार्बन क्रेडिट खरिदकर्ता, जलवायु कोष तथा वित्तीय संस्थाबाट रकम जुटाइनेछ । यस योजनाले नयाँ प्रविधि अपनाउन उद्योगीले गर्नुपर्ने ठूलो प्रारम्भिक लगानीको भार घटाउने छ । परम्परागत इँटा उद्योगलाई विस्थापित गर्नुको सट्टा तिनलाई नै नयाँ प्रविधिमा रूपान्तरण गर्ने कार्यक्रमको उद्देश्य रहेको पाण्डेको भनाइ छ ।

कार्बन क्रेडिटबाट लगानी परिचालन

निर्देशक गोल्छाका अनुसार यस कार्यक्रमको वित्तीय आधार कार्बन क्रेडिट हो । परम्परागत इँटा उत्पादनको तुलनामा नयाँ प्रविधि अपनाउँदा घट्ने हरितगृह ग्यास उत्सर्जन मापन गरी त्यसलाई कार्बन क्रेडिटमा रूपान्तरण गरिनेछ । उनका अनुसार नयाँ प्रविधिबाट कति उत्सर्जन न्यूनीकरण भयो भन्ने विषयको अनुगमन, मापन, अभिलेखीकरण तथा प्रमाणीकरण (एमआरभी) गरिनेछ । त्यसबाट सिर्जना हुने कार्बन क्रेडिट अन्तर्राष्ट्रिय बजारमा बिक्री गरेर प्राप्त आम्दानीलाई परियोजनाको वित्तीय स्रोतका रूपमा उपयोग गरिनेछ । अन्तरराष्ट्रिय बजारमा बढी कार्बन उत्सर्जन गर्ने एयरलाइन्स, प्रविधि कम्पनी तथा अन्य ठूला संस्थाले आफ्नो उत्सर्जन व्यवस्थापनका लागि कार्बन क्रेडिट खरिद गर्ने गरेका छन् ।

१५ लाख टन कार्बन उत्सर्जन घटाउने लक्ष्य

कार्यक्रमअन्तर्गत प्रस्तावित ३०० उत्पादन केन्द्र पूर्ण क्षमतामा सञ्चालनमा आएपछि वार्षिक करिब तीन अर्ब इँटा उत्पादन गर्न सकिने कम्पनीको अनुमान छ । एउटा मेसिनले वार्षिक करिब एक करोड इँटा उत्पादन गर्न सक्ने र ३०० वटा केन्द्रबाट तीन अर्ब इँटा उत्पादन गर्न सकिने अनुमान गरिएको छ । परम्परागत इँटाभट्टाको तुलनामा यस प्रविधिबाट वार्षिक करिब १५ लाख टन कार्बनडाइअक्साइड उत्सर्जन न्यूनीकरण गर्न सकिने कम्पनीको प्रारम्भिक अनुमान छ ।

निर्देशक गोल्छाका अनुसार परम्परागत इँटा उत्पादन प्रक्रियामा एउटा इँटा उत्पादन गर्दा करिब ५०० देखि ५५० ग्रामसम्म कार्बन उत्सर्जन हुने गरेको छ । नयाँ प्रविधि अपनाएपछि हुने उत्सर्जन कटौतीको मापन गरी त्यसलाई कार्बन क्रेडिटमा रूपान्तरण गरिनेछ । नेपालमा वार्षिक चारदेखि पाँच अर्बवटा इँटाको माग रहेको अनुमान छ ।

इँटा उद्योगका चुनौती समाधान गर्ने अपेक्षा

परम्परागत इँटा उद्योग सञ्चालन गर्दा श्रमिक व्यवस्थापन, कोइला खरिद, जग्गा व्यवस्थापन र उत्पादनको मौसमी प्रकृति प्रमुख चुनौतीका रूपमा रहेका छन् । एउटा परम्परागत इँटाभट्टा सञ्चालन गर्न ३०० देखि ४०० जनासम्म श्रमिक व्यवस्थापन गर्नुपर्ने र २० हजारदेखि ५० हजार टनसम्म कोइला ल्याउनुपर्ने अवस्था छ । त्यस्तै, इँटाभट्टा सञ्चालनका लागि १०० देखि ४०० रोपनीसम्म समथर जग्गा आवश्यक पर्ने, स्थानीय समुदायको दबाब तथा वातावरणीय मापदण्डका कारण उद्योग सञ्चालन कठिन बन्दै गएको इनोसिएसआरका प्रबन्ध निर्देशक पाण्डेको भनाइ छ ।

के हो गुड ब्रिक्स प्रविधि ?

सामान्यतया इँटा बनाउन माटोलाई आकार दिएर भट्टिमा पोलिन्छ । यसका लागि ठूलो मात्रामा कोइला वा अन्य इन्धन आवश्यक पर्छ । इन्धन बाल्दा कार्बनडाइअक्साइडलगायत विभिन्न प्रदूषक तत्त्व उत्सर्जन हुन्छन् । तर गुड ब्रिक्स प्रविधिमा इँटा उत्पादन गर्न परम्परागत रूपमा आगोमा पोल्नुपर्ने आवश्यकता पर्दैन । यस प्रविधिमा स्थानीय रूपमा उपलब्ध माटो, सिमेन्ट र इनोसीएसआरले विकास गरेको विशेष पदार्थ ‘गुड सोइल स्टेबलाइजर’ प्रयोग गरिन्छ । यी सामग्रीलाई आवश्यक अनुपातमा मिसाएर हाइड्रोलिक प्रेस मेसिनबाट उच्च दबाबमा थिची इँटाको आकार दिइन्छ । यसरी तयार भएका इँटालाई भट्टिमा पोल्नुपर्दैन । यसले कोइलालगायत जीवाश्म इन्धनको खपत घटाउनुका साथै इँटा उत्पादनका क्रममा हुने वायु प्रदूषण र कार्बन उत्सर्जन न्यूनीकरणमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

कम्पनीका अनुसार यो प्रविधिबाट उत्पादन हुने इँटा गुणस्तर, उत्पादन क्षमता र लागतका हिसाबले परम्परागत इँटासँग प्रतिस्पर्धा गर्न सक्ने गरी विकास गरिएको हो । यद्यपि यसको वास्तविक वातावरणीय लाभ मूल्यांकन गर्दा सिमेन्टलगायत कच्चा पदार्थ उत्पादनमा हुने उत्सर्जनलाई पनि समेट्नुपर्ने हुन्छ ।

पुराना उद्योगसँग सहकार्य गरेर प्रविधि विस्तार

इनोसीएसआर र दिवाकर गोल्छा अर्गनाइजेसनअन्तर्गतको हुलास इको ब्रिक्सबीच सन् २०२६ अगस्टमा कार्यक्रमका लागि सम्झौता भएको थियो । सम्झौताअनुसार कम्पनीले ‘हुलास गुड ब्रिक्स’ ब्रान्डअन्तर्गत प्रविधि विस्तार गरिरहेको छ ।

हुलासले दिवाकर गोल्छा अर्गनाइजेसनको औद्योगिक अनुभवसँगै देशभर रहेका एक सयभन्दा बढी डिलर तथा निर्माण सामग्रीसँग सम्बन्धित साझेदारहरूको सञ्जाल उपयोग गर्ने योजना बनाएको छ । यसका लागि इनोसीएसआरले आवश्यक प्रविधि र प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसका लागि निर्माण व्यवसायी महासंघ (एफक्यान) अन्तर्गतका ठूला निर्माण व्यवसायी तथा नेपाल इँटा उद्योग महासंघका सदस्यहरूलाई समेत नयाँ प्रविधि अपनाउन प्रोत्साहित गरिने पाण्डेले बताए ।

नेपालमा यसअघि नै उत्पादन सुरु

गुड ब्रिक्स प्रविधि नेपालका लागि पूर्ण रूपमा नयाँ भने होइन । इनोसीएसआरले यसअघि नै गोरखाको च्याङ्लिडटार, सुर्खेतको शान्तिचौर र जाजरकोटको राउतगाउँमा यो प्रविधिमा आधारित उत्पादन केन्द्र स्थापना गरेको कम्पनीले जनाएको छ । कम्पनीले सन् २०२६ जनवरीमा सार्वजनिक गरेको विवरणअनुसार कोरिया अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका) को आर्थिक सहयोग र रिजर्भ कार्बनसँगको साझेदारीमा ती केन्द्र स्थापना गरिएका हुन् । कम्पनीका अनुसार दुई उत्पादन केन्द्रको संयुक्त उत्पादन क्षमता मासिक करिब १० लाख इँटा रहेको छ ।

यी केन्द्रले स्थानीय निर्माण सामग्रीको माग पूरा गर्न, ढुवानी लागत घटाउन र वातावरणमैत्री इँटा उत्पादनलाई व्यावसायिक रूपमा अघि बढाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । विशेषगरी सन् २०२३ को भूकम्पबाट प्रभावित जाजरकोटजस्ता क्षेत्रमा पुनर्निर्माणका लागि स्थानीय स्तरमै निर्माण सामग्री उपलब्ध गराउने दृष्टिले पनि यो प्रविधिलाई महत्वपूर्ण मानिएको छ । इनोसिएसआरका प्रबन्ध निर्देशक पाण्डे नेपाल सरकारले सन् २०४५ सम्म खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य लिएको उल्लेख गर्दै त्यसका लागि पनि यस प्रविधिमा जान आवश्यक रहेको बताउँछन् । *रासस*

नेप्से परिसूचक दोहोरो अंकले घट्यो



■ प्रभाव संवाददाता

काठमाडौं – धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अंकले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ११ दशमलव ०५ अंकले घटेर दुई हजार ६२५ दशमलव ०५मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ०६ अंकले घटेर ४७६ दशमलव १५ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव ५६ अंकले घटेर १८२ दशमलव २० मा पुगेको छ ।

त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ३४ अंकले घटेर १६१ दशमलव ४२ मा पुगेको छ ।

विभिन्न कम्पनीका एक करोड एक लाख ६२ हजार ६०५ कित्ता सेयर रु चार अर्ब १५ करोड ४९ लाख २५ हजार १०७ मूल्यमा खरिद बिक्री भएको छ । १३ उपसमूहमध्ये ११ उपसमूह घट्यो भने दुई उपसमूह बढेको छ । ६९ कम्पनीको सेयर बढ्यो भने २०० कम्पनीको सेयर घटेको छ । त्यसैगरी १० कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार सानिमा लार्ज क्याप फण्ड, कुमारी सवल योजना र लिवर्टी इनर्जी कम्पनीलगायतका लगानीकर्ताले आम्दानी गरेका छन् । त्यसैगरी एभरेष्ट कलर, सयपत्री हाइड्रोपावर र सेन्ट्रल फाइनान्सलगायतका लगानीकर्ताले गुमाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ